
का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ भदौ २०८१,
बिहीबार
22 August, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्न
वर्ष २२, अंक १९१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# प्रचण्ड–जनार्दन बढ्दो टकराव

माओवादी केन्द्रको स्थायी समितिको बैठकमा उपमहासचिव जनार्दन शर्माले लिखित प्रस्ताव राखेपछि बढेको पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँगको टकराव प्रदेश तहको छलफलमा पुग्दा थप बढेको नेताहरू बताउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

नेकपा माओवादी केन्द्रले प्रदेश तहमा छलफल सुरु गरेको छ । पार्टीको भावी रणनीति तय गर्नका लागि पदाधिकारी, स्थायी समिति बैठक हुँदै प्रदेश तहमा छलफलमा पुगेको हो । तर यसपटक माओवादीमा शीर्ष नेतृत्वका बीचमा देखा परेको टकराव पनि छलफलमा एकसाथ अगाडि बढेको छ ।

स्थायी समितिको बैठकमा उपमहासचिव जनार्दन शर्माले लिखित प्रस्ताव राखेपछि बढेको पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँगको टकराव प्रदेश तहको छलफलमा पुग्दा थप झाँगिएको नेताहरू बताउँछन् ।

बुधबारबाट काठमाडौंमा बागमती प्रदेशमा कार्यरत केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीहरु सम्मिलित प्रदेश स्तरीय बैठक सुरु भएको हो । बागमतीको बैठक बिहीबार पनि चल्नेछ । पहिलो दिन नै अध्यक्ष प्रचण्डको अभिव्यक्तिले उपमहासचिव जनार्दन शर्मासँगको टकराव बढ्दो रुपमा रहेको प्रष्ट्याएको देखिन्छ ।

बागमती प्रदेशमा कार्यरत केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीहरुको परामर्श समितिको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले पार्टी फुटको हल्ला स्थायी समितिले खारेज गरिसकेको भन्दै मिडिया ट्रायल नगर्न नेताहरुलाई आग्रह गरे ।

माओवादीमा प्रचण्डको आलोचना गरेका कारणले पार्टी छाड्नुपर्ने अवस्था वर्तमानमा नरहेको र आन्तरिक जनवादको अभ्यास कम्युनिस्ट पार्टीमा हुने भन्दै बैचारिक बहस चलाउने भनेर सार्वजनिक रुपमा उपमहासचिव शर्माले बताइरहेका बेला प्रचण्डले मिडिया ट्रायल नगर्न नेताहरुलाई आग्रह गरेका हुन् ।

यसअघि स्थायी समितिको बैठकमा १४ पृष्ठ लामो लिखित प्रस्ताव राख्दै उपमहासचिव शर्माले पार्टीको नेतृत्व प्रचण्डले छाड्नुपर्ने बताएका >>> पृष्ठ २ मा

# २५ सय गैरआवासीय नेपालीले लिए नागरिकता

गृह मन्त्रालयका अधिकारीहरुका अनुसार विगत १० महिनाको अवधिमा २५ सयभन्दा बढीले गैरआवासीय नेपाली नागरिकता लिएका हुन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

२५ सय भन्दा बढीले गैरआवासीय नेपाली नागरिकता लिएको पाइएको छ । गृहमन्त्रालयका अधिकारीहरूका अनुसार विगत १० महिनाको अवधिमा २५ सय भन्दा बढीले गैरआवासीय नेपाली नागरिकता लिएका हुन् । नेपालको संविधान अनुसारको नागरिकता ऐन बनेपछि ३० असोज २०८० देखि नेपालमा गैरआवासीय नेपाली नागरिकता वितरण सुरु भएको हो । त्यसयता २५ सय भन्दा बढीले गैरआवासीय नेपाली नागरिकता लिएका छन् ।

गैर आवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नेपालमा राजनीतिक बाहेकका अधिकार प्रयोग गर्न सक्छन् । उनीहरूले नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउँछन् । जस अन्तर्गत नेपालमा लगानी गर्न, व्यापार व्यवसाय गर्न र पैतृक सम्पत्ति उपभोग तथा बेचबिखन गर्न पाउँछन् । नेपालमा बैंक खाता खोल्न, विदेशी मुद्रामा कारोबार गर्ने गरी बैंक खाता खोल्न, लगानीका लागि खुला गरिएको उद्योग व्यवसायका लगानी गर्न सक्छन् । यो अधिकार संविधानतः विसं २०७२ सालमै गैरआवासीय नेपालीले पाएका हुन् । विसं २०७२ सालमा जारी भएको नयाँ संविधानले गैरआवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसहितको नागरिकता दिने व्यवस्था गरेको छ । कानून बन्न समय लागेका कारण आठ वर्षपछि ३० असोज २०८० बाट गैरआवासीय नेपाली नागरिकता वितरण सुरु भएको हो । नागरिता सम्बन्धी ऐनअनुसार विदेशी मुलुकको नागरिकता प्राप्त गरी सार्क सदस्यराष्ट्र बाहेकका देशमा बसोबास गरेको र साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउनेगरी गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्छन् । यो कानुनी व्यवस्थाअनुसार विदेशको नागरिकता लिएका तर कुनै समय नेपाली नागरिक रहेका व्यक्तिहरूका नातिनातिनासम्मले गैरआवासीय नेपाली नागरिकता पाउँछन् । नेपालको नागरिकता फिर्ता नगरि विदेशी नागरिकता लिएका व्यक्तिले भने गैरआवासीय नेपाली नागरिकता पाउँदैनन् । गैरआवासीय नेपाली नागरिकता लिन पहिले लिएको नेपाली नागरिकता फिर्ता गर्नुपर्ने कानुनी व्यवस्था छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्न >>> पृष्ठ २ मा

पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सतर्कता केन्द्रले माग्यो अनुचित कार्य हेर्ने अधिकार

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

राष्ट्रिय सतर्कता केन्द्रले सरकारी कर्मचारीको अनुचित कार्यमाथि कारबाही गर्ने अधिकार आफूलाई दिन माग गरेको छ ।

सतर्कता केन्द्रका प्रहरी नायब महानिरीक्षक निरन्जन विष्ट हाल कसैको पनि क्षेत्राधिकारमा नरहेकोले अनुचित कार्यमाथि कारबाही हुन नसकेको बताउँछन् ।

बुधबार संसदको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा भ्रष्टाचार निवारण ऐन २०५९ को संशोधन विधेयकमाथिको छलफलमा सतर्कता केन्द्रका प्रहरी नायब महानिरीक्षक विष्टले अनुचित कार्य हेर्ने अधिकार आफूहरुलाई दिन माग गरेका हुन् ।

२०७२ सालको संविधान जारी हुनुअघिसम्म सरकारी कर्मचारीको अनुचित कार्यमाथि अनुसन्धान गर्ने क्षेत्राधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई थियो । तर नयाँ संविधानमा अख्तियारको क्षेत्राधिकारमा भ्रष्टाचारलाई मात्र राखेर अनुचित कार्य हटाइएको थियो ।

> २०७२ सालको संविधान जारी हुनुअघिसम्म सरकारी कर्मचारीको अनुचित कार्यमाथि अनुसन्धान गर्ने क्षेत्राधिकार अख्तियारको थियो ।

विष्टले भनेका छन्, 'भ्रष्टाचार अनुसन्धान गर्ने क्रममा यो (अनुचित कार्य) आवश्यक रहेको र माननीयहरु समेतको धारणाका आधारमा अनुचित कार्यमाथि कारबाही गर्ने अधिकार राष्ट्रिय सतर्कता केन्द्रलाई दिन अनुरोध गर्दछु ।'

अनुचित कार्य नहुँदा पनि भ्रष्टाचारको अवस्था थप बिग्रिन सक्ने, भ्रष्टाचार बढ्नसक्ने देखिएको हुनाले त्यो अनुचित कार्यको जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रमा कानूनतः दिनुपर्ने उनको माग छ ।

सतर्कता केन्द्रले सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरु नियमित रुपमा भए/नभएको र पदमा बहाल रहेको व्यक्तिले >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# अबौं रेमिट्यान्स पठाउने कामदारप्रति सरकार उदासीन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ भदौ

वैदेशिक रोजगारमा गएका नेपाली कामदारमार्फत अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा करिब साढे १४ खर्ब रेमिट्यान्स भित्रिए पनि उनीहरुलाई सुरक्षा प्रदान गर्ने विषयमा सरकार उदासीन देखिएको छ । सरकारले संस्थागतरुपमा एक सय आठ र व्यक्तिगत प्रयासमा एक सय ७२ वटा मुलुकमा काम गर्न जान नेपालीका लागि खुला गरे पनि श्रम सम्झौता गरेर उनीहरुलाई सुरक्षित गर्ने महत्वपूर्ण जिम्मेवारी भने पूरा गर्न सकेको र चाहेको देखिँदैन ।

एकातर्फ विभिन्न मुलुकहरुमा नेपाली कामदारको संख्या दिनानुदिन बढ्दै गएको छ भने अर्कोतिर ठिक विपरीत जस्तो देखिने गरी नेपाली कूटनीतिक नियोगहरु श्रमिकका मामिलामा उदासीन बनेको देखिएको सरोकारवालाहरुको गुनासो छ ।

सरकारले प्रत्येक वर्ष संसदमा प्रस्तुत गर्ने नीति तथा कार्यक्रम र बजेटमा गन्तव्य मुलुकहरुसँग श्रम सम्झौताका माध्यमबाट वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकहित, अधिकारको सुरक्षा गर्ने बताए पनि सोअनुसार श्रम सम्झौताको काममा प्रगति भने देखिएको छैन ।

पछिल्लो समय रोमानिया र जर्मनीसँग श्रम सम्झौता भएपछि नेपालले श्रम सम्झौता गरेको मुलुकको संख्या जम्मा १२ पुगेको छ । हालसम्म मलेसिया, संयुक्त अरब इमिरेट्स (यूएई), कतार, बहराइन, जोर्डन, मौरिसस, इजरायल, दक्षिण कोरिया, जापान, संयुक्त अधिराज्य (बेलायत), रोमानिया र जर्मनीसँग द्विपक्षीय श्रम सम्झौता तथा समझदारी गरेको छ । स्वदेशमा कृषिमा आधुनिकीकरण नभएको र अन्य क्षेत्रमा पनि न्यून ज्यालाका कारण रोजगारीको अवसर नभएपछि विकल्पको रुपमा वैदेशिक रोजगारीलाई हेरिएको छ ।

सरकारले सन् २००५ मा कतार, सन् २००७ मा यूएई, सन् २००७ मा दक्षिण कोरिया, सन् २०१८ मा मलेसिया, सन् २००८ मा बहराइन, सन् २०१५ मा इजरायल, सन् २०१७ मा जोर्डन, सन् २०१९ मा मौरिसस, सन् २००९ मा जापान, सन् २०२२ मा बेलायत, रोमायिना र जर्मनीसँग द्विपक्षीय श्रम सम्झौता तथा समझदारी गरेको हो ।

इजरायल, मलेसिया र यूएईसँग श्रम सम्झौता नवीकरण पनि भएका छन् । तर ठूलो संख्यामा नेपाली जाने साउदी अरेबियासँग श्रम सम्झौता गर्ने विषयमा सरकारले कुटनैतिक चातुर्यता देखाउन सकेको छैन । जति देशसँग द्विपक्षीय श्रम सम्झौता भएका छन्, ती देशहरुसँग भएका सम्झौता नेपाली कामदारको हक अधिकारभन्दा पनि सम्बन्धित देशको बाध्यताले भएको जस्तो देखिएको छ ।

नेपाली कामदारमाथि हुने सेवा सुविधामा अन्याय, अतिरिक्त कामको तलब तथा सुविधा, औषधोपचार खर्च, बिदा तथा सामाजिक सुरक्षाजस्ता विषयमा श्रम सम्झौता तथा समझदारी आवश्यक रहेको विज्ञहरु बताउँछन् । नेपालले निःशुल्क भिसा र टिकट नीति लिएको छ । श्रम सम्झौताका आधारमा मात्रै सरकारले लिएको नीति कार्यान्वयन हुने अवस्थामा श्रम गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता नगर्दा कामदारको अधिकारको सुरक्षा नभएको मात्रै नभइ सरकारले लिएको नीति नै कार्यान्वयनमा आउन समस्या देखिएको छ ।

### मलेसियामा विदेशी कामदारको खटनपटन गृहअन्तर्गत राखिएकोप्रति असहमति

काठमाडौं/मस- मलेसियामा अधिकारकर्मीहरुले विदेशी कामदारको भर्ना प्रक्रियाको सम्पूर्ण जिम्मेवारी गृह मन्त्रालयअन्तर्गत राख्ने हालैको निर्णयप्रति असहमति जनाएका छन् । आगामी सेप्टेम्बरदेखि विदेशी कामदारको नयाँ एप्रुभल खुला गर्ने तयारी गरेको मलेसियाले करिब दुई हप्ता अगाडि विदेशी कामदारको कोटा स्वीकृत गर्ने काम मानव संशाधन मन्त्रालयबाट गृह मन्त्रालय सारेको थियो ।

मलेसियामा आप्रवासी कामदारका पक्षमा आवाज उठाउँदै आएका नर्थ साउथ इनिसियटिभका कार्यकारी निर्देशक एड्रियन परेरा र बेलायती नागरिक एन्डी हलले गृह मन्त्रालयको निर्णयले रोजगारदाता, श्रमिक भर्ती गर्ने एजेन्सीहरु, आप्रवासी कामदार र उनीहरुका परिवारहरु प्रभावित हुने दाबी गरेका छन् ।

विदेशी कामदार भर्नाको सम्पूर्ण जिम्मेवारी मानव संशाधन मन्त्रालयमा राख्नुपर्नेमा गृह मन्त्रालय अन्तर्गत लगेर उल्टो काम भएको उनीहरुको >>> पृष्ठ २ मा

# रोकिएन मानव तस्करी



> भिजिट भिसामा मानव तस्करी हुने दर घटेको छैन, बरु बढेको छ । हामीकहाँ आउने सूचनाले त्यस्तै देखाउँछ ।
>
> **एसपी गौतम मिश्र**
> **प्रवक्ता**
> **मानव बेचबिखन अनुसन्धान ब्यूरो**

**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

सिन्धुपलाञ्चोक बाह्रबिसेकी २१ वर्षीया सविना परियार (परिवर्तित नाम) पारिवारिक आर्थिक अवस्था कमजोर भएका कारणले वैदेशिक रोजगारमा जाने सपना बोकेर काठमाडौं आइन् ।

परिवारको पहिलो सन्तान, एकल आमा र साथमा रहेका दुई बहिनीको उज्ज्वल भविष्यका लागि उनी वैदेशिक रोजगारको खोजीमा लागिन् । यही क्रममा सामाजिक सञ्जाल फेसबुकको माध्यमबाट उनको भेट चितवन नगरपालिका-८ का ५७ वर्षीय सुशील खत्रीसँग भयो । उनले आफू वैदेशिक रोजगारीमा जान खोजेको बताइन् । खत्रीले पनि उनलाई मासिक ४५ हजार रुपैयाँमा दुबईको प्रतिष्ठित कम्पनीमा पठाइदिने आश्वासन दिए । भिजिट भिसामा जान सहज हुने र त्यसका लागि मेडिकल, भिसा र अन्य कानूनी प्रक्रियाका लागि दुई लाख रुपैयाँ लाग्ने बताए ।

सविनाले बाह्रबिसेमा रहेको घर जग्गा स्थानीय बैंकमा धितो राखेर दुई लाख रुपैयाँ खत्रीलाई काठमाडौंको सामाखुसीमा रहेको एक म्यानपावरमा लगेर बुझाइन् ।

उनी जब त्रिभुवन विमानस्थलबाट भिजिट भिसामा दुबई पुगिन्, तब उनको दुःख र पीडाका दिनहरु शुरु भयो । एजेन्टले भने जस्तो काम न उनले पाइन्, न अन्य सुविधा नै ।

यो त एक उदाहरण मात्रै हो । यसरी ठगिने नेपाली महिलाहरूको संख्या उच्च रहेको छ । भने जस्तो नाम नपाएपछि सविना दुबई हुँदै कुवेत पुगिन् । नेपालीले नै सञ्चालन गरेको होस्टेल सेफ हाउस, जहाँ घरेलु मजदुरका लागि लगिएका नेपाली महिला राख्ने गरिन्छ त्यहाँ पुगिन् । त्यहाँ पनि भने जस्तो भएन । प्रतिमहिना ४० हजारमा घरेलु मजदुरका रुपमा १७ घण्टासम्म काम गरिन् ।

तर होस्टेल सञ्चालकले आर्थिक प्रलोभन देखाएर यौन शोषण गर्न थाल्यो । उनी गर्भवती भइन् । होस्टेल सञ्चालकले गर्भपतनका लागि दबाब दिन थाल्यो । आर्थिक प्रलोभन देखाएर काठमाडौं पठाएर गर्भपतन गराउन लगायो ।

उनी फेरि कुवेत फर्किइन् । कुवेतमा मलेसियन नागरिकले सञ्चालन गरेको >>> पृष्ठ २ मा

## भ्रष्टाचार निवारणसम्बन्धी विधेयक

# ‘हदम्याद कुनै पनि हालतमा स्वीकार्य हुँदैन’



**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले भ्रष्टाचार निवारणसम्बन्धी ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकलाई चाँडै समितिबाट टुंग्याइदिन आग्रह गरेका छन् ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा उक्त विधेयकमाथिको छलफलका क्रममा उनले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको बताए ।

‘समितिमा छलफलका क्रममा महत्वपूर्ण विषय पहिचान भएका छन्, अब समितिबाट जतिसक्दो छिटो पारित होस्, भ्रष्टाचारसम्बन्धी विषय निकै गम्भीर छ’, गृहमन्त्री लेखकले भने,‘समितिमा धेरै छलफल भइसकेको छ, पहिचान भएका विषयलाई दफावार छलफलका माध्यमबाट निष्कर्षमा पुग्दा उचित हुन्छ ।’

विधेयकका सम्बन्धमा समितिमा भएको छलफलबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विस्तार गर्ने कि नगर्ने, उजुरीकर्ताको पहिचान हुनुपर्ने कि नपर्ने, हदम्यादसम्बन्धी व्यवस्था, स्वार्थ बाझिएको विषय, महत्वपूर्ण निर्णय गर्न ढिलाइ गने पदाधिकारीमाथि के कारबाही हुने, अनुचित कार्यको कारबाहीको व्यवस्था लगायतका विषय पहिचान भएको उनको भनाइ छ ।

‘यी विषय दफावार छलफलका क्रममा टुङ्ग्याउनु उचित हुन्छ’, गृहमन्त्रीले भने,‘दफावार छलफलमा प्रवेश गरेपछि दफा-दफामा सरकारले आफ्नो धारणा राख्छ ।’ उनले छलफलका क्रममा सरकाले आफ्नो धारणा र विषय राखे पनि अन्तिम निर्णय गर्ने अधिकार समितिकै भएको स्पष्ट पारे । ‘भ्रष्टाचार निवारणसम्बन्धी ऐनको अन्त्यन्त ठूलो महत्व छ, भ्रष्टाचार निकै संवेदनशील विषय पनि हो’, गृहमन्त्रीले भने,‘चाँडै समिति र सभाबाट पारित भएर लागू गर्न सकियोस् भन्ने सरकारको अपेक्षा हो ।’

संशोधनकर्ता सांसदको एकैस्वर : भ्रष्टाचारका हकमा हदम्याद नराखौँ

राज्य व्यवस्था समितिमा छलफल भइरहेको सो विधेयकमाथि संशोधन दर्ता गराएका सांसदहरुले एकै स्वरमा भ्रष्टाचारका विषयको अनुसन्धानमा हदम्याद राख्न नहुने धारणा राखे ।

सांसद अर्जुननरसिंह केसीले छानविन र यथार्थलाई झुक्याउने तथा भ्रष्टचारीलाई लुकाउने र जोगाउने गरी पाँच वर्षे हदम्याद राख्न नहुने बताए ।

‘भ्रष्टाचारीलाई जोगाउन सरकार नै लागिपरेको छ भन्ने जनभावना बढिरहेको छ, यस्तो अवस्थामा भ्रष्टाचारका विषयमा छानविन र मुद्धा चलाउन पाँच वर्षे हदम्याद राख्नु लोकतन्त्रप्रतिकै चुनौती हो’, उनले भने,‘चर्चित भ्रष्टाचारका काण्डको छानविन गर्न हदम्याद राख्दा भ्रष्टाचारी जोगाउने हुनसक्छ, यसले विद्रोह जन्माउँछ, मुद्दा चलाउने कुनै सीमा हुनुहुँदैन, हदम्याद कुनै पनि हालतमा स्वीकार्य हुँदैन ।’

सांसद रोशन कार्कीले भ्रष्टाचार निवारणका लागि राजनीतिक प्रतिबद्धता र कार्यान्वयन आवश्यक रहेको दाबी गदै भ्रष्टाचारका विषयको छानविन गर्न हदम्याद राख्न नहुनेमा जोड दिइन् ।

‘हदम्याद किन र केका लागि राख्ने ?’, उनले प्रश्न गरिन्, ‘यही हालतमा पारित गर्ने हो भने यो ऐनले भ्रष्टाचार निवारण गर्ने नभइ प्रोत्साहित गर्छ ।’

सांसद प्रेम सुवालले राजनीतिक र प्रशासनिक नेतृत्व तथा ठूला व्यावसायिक घरनाबीच भ्रष्टाचार गर्न विशेष सम्बन्ध हुने गरेको जिकिर गर्दै निजी क्षेत्रलाई पनि अख्तियारको अनुसन्धानको क्षेत्राधिकारमा समेट्नुपर्ने बताए ।

सांसद राजेन्द्र केसीले भ्रष्टाचारमा मुछिएका उच्च पदस्थ कर्मचारीलाई नै अख्तियारको पदाधिकारीमा नियुक्ति गर्दा भ्रष्टाचार निवारणसम्बन्धी काम प्रभावकारी हुन नसकेको टिप्पणी गदै पूर्वन्यायाधीश मध्येबाट पदाधिकारी बनाउनुपर्ने बताए ।

# पाल्पामा समलिंगी विवाहले पायो कानूनी मान्यता

**पाल्पा/मस–** पाल्पाको रामपुर नगरपालिकामा समलिंगी विवाह दर्ता भएको छ । रामपुर वडा नं ९ को कार्यालयमा ३१ वर्षीया चिनाकुमारी नेपाली र ३६ वर्षीया ज्योति सार्कीले समलिंगी विवाह दर्ता गरेसँगै कानूनी रुपमा समलिंगी विवाहले मान्यता पाएको छ । रामपुर-९ का स्थानीय पञ्जीकाधिकारी एवं वडा सचिव मो युनुस खानले विवाह दर्ताका लागि चिनाकुमारी र ज्योतिले निवेदन दिएपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको परिपत्रका आधारमा विवाह दर्ता प्रमाणपत्र जारी गरिएको बताए ।

समलिंगी विवाह दर्ता पहिलो पटक भएकाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समन्वय गरेर गत आइतबार विवाह दर्ताको प्रमाणपत्र प्रदान गरिएको वडा सचिव खानले जानकारी दिए ।

चिनाकुमारी रामपुर-९ जब्बादी निवासी र ज्योति नवलपुर (नवलपरासी सुस्तापूर्व) बौदिकाली गाउँपालिका-१ मिथुकरम निवासी हुन् । चिनाकुमारी र ज्योतिले २०७८ असोज २९ गते परम्पराअनुसार पाल्पाको सिद्धबाबा मन्दिरमा विवाह गरेका हुन् ।

वडा कार्यालयमा विवाह दर्ता गरेपछि मात्रै कानुनी रूपमै उनीहरु विवाह बन्धनमा बाँधिएका छन् । उनीहरु दुवै जना महिला हुन् । चिनाकुमारी र ज्योति लामो समयदेखि प्रेम सम्बन्धमा रहेको बुझिएको छ ।

विवाह दर्ताको अस्थायी प्रमाणपत्रमा चिनालाई दुलहा र ज्योतिलाई दुलही उल्लेख गरिएको छ । दुवै जना वैदेशिक रोजगारीका क्रममा कतारमा छन् । उनीहरुले घर आएको समयमा विवाह दर्ता गराएका हुन् ।

### प्रचण्ड-जनार्दन...

थिए । त्यसपछि माओवादीभित्र तरंग नै पैदा गरिदिएको छ ।

बुधबार बागमती प्रदेशस्तरीय बैठकमा अध्यक्ष प्रचण्डले आफूहरुबीच बीच फरक मत नभई एकमत गर्ने कोसिस हुने भनेर बचाउ गरे । उनले जनार्दनसहितका नेताहरुले स्थायी समिति बैठकमा उठाएका प्रश्नहरुको जवाफसहितको दस्तावेज आगामी केन्द्रीय समिति बैठकमा पेश गर्ने जानकारी पनि गराए । बैठकको सुरुमै अध्यक्ष प्रचण्ड बोलेका थिए । उनले पदाधिकारी, स्थायी कमिटीबाट भएको निर्णय र कार्यक्रमबारे बैठकमा ब्रिफिङ गरेका थिए ।

अध्यक्ष प्रचण्डले आफूहरू सरकारमा जानेतिर भन्दा ज्यादा प्रतिपक्षमा बसेर जनताको आवाज संसदमा उठाउने र जनतामा गएर उनीहरूका कुरा सुन्ने नीति नेतृत्वले लिएको बताए । ‘सरकारतिर जाँदैनौं । प्रतिपक्षीमा बस्छौं । जनताको मुद्दा र सरकारमा बस्दा गरेका राम्रा काम लिएर जनतामा जानुपर्छ’ प्रचण्डले भनेका छन् । बुधबार ४१ जना केन्द्रीय सदस्यले अध्यक्षको धारणामामाथि सुझाव दिएका छन् । त्यसक्रममा माओवादीका प्रदेशस्तरका नेताहरूले अध्यक्ष प्रचण्डलाई विशेष महाधिवेशनमा गएर पार्टीलाई गति दिन सुझाव दिएका छन् ।

माओवादी नेता लेखनाथ दाहालका अनुसार पार्टीको आन्तरिक एकता बलियो पार्दै पार्टीलाई थप गति दिनुपर्नेमा नेताहरुको जोड रहेको छ । यसका लागि विशेष महाधिवेशनमा जानुपर्ने भएपनि पछि हट्नु नहुने अधिकांशको सुझाव रहेको छ । बुधबारको बैठकमा प्रदेशका ४१ जना नेताहरूले बोलेका छन् । प्रदेशका ११९ जना नेतामध्ये बाँकीले बिहीबार बोल्ने कार्यक्रम रहेको छ ।

माओवादी केन्द्रले असोजको पहिलो साता केन्द्रीय कमिटीको बैठक बस्ने तय गरेको छ । त्यसअघि सातै प्रदेशमा प्रदेशस्तरीय परामर्श बैठक गरेर राय संकलन गर्दैछ ।

### २५ सय...

व्यक्तिले प्रमुख जिल्ला अधिकारीबाट शपथ लिनुपर्ने हुन्छ । ‘नेपालको संविधान र प्रचलित कानुनबमोजिम गैरआवासीय नेपाली नागरिकलाई प्राप्त अधिकारबाहेक अन्य कुनै पनि अधिकार उपभोग गर्ने छैन’ भनेर प्रतिबद्धता समेत जनाउनुपर्ने हुन्छ ।

### सतर्कता...

आफ्नो कर्तव्य पालन गरे/नगरेको विषयमा लिखित तथा विद्युतीय माध्यमबाट सार्वजनिक संस्थामा उजुरी लिने व्यवस्था मिलाउनुपर्ने लगायतका विभिन्न सुझावहरु समेत दिएको छ ।

गृहमन्त्री रमेश लेखकले पनि भ्रष्टाचार निवारणसम्बन्धी ऐनमा अनुचित कार्य हेर्नुपर्ने विषय समेत छलफलका लागि पहिचान भएको बताए ।

अन्तरिम संविधानमा अनुचित कार्य हेर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा रहेको र हाल यो विषय कसले हेर्ने भन्ने स्पष्ट नरहेको उल्लेख गर्दै उनले अनुचित कार्य हेर्ने सम्बन्धमा छलफल गर्न सकिने बताए ।

यी लगायतका विषयमा निष्कर्षमा पुगेर भ्रष्टाचार निवारण ऐन संशोधन गर्न बनेको विधेयकलाई चाँडो टुंगोमा पुर्‍याइदिन गृहमन्त्री रमेश लेखकले आग्रह गरे ।

### मलेसियामा...

टिप्पणी छ । यसअघि त्यहाँको मानव संशाधन मन्त्रालयअन्तर्गत रहेको विदेशी कामदारको कोटा स्वीकृति गर्ने वैदेशिक श्रमिक व्यवस्थापन महाशाखा (बीपीपीए) खारेज गरी गृह मन्त्रालयमा हस्तान्तरण गरेको छ ।

विदेशी कामदारहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्ड र उद्योगको उत्तम अभ्यासहरु व्यवस्थित गर्न मापदण्डहरुको स्पष्टीकरण महत्वपूर्ण रहेको भन्दै उनीहरुले दुई मन्त्रालयबीच विदेशी कामदारको कार्य हस्तान्तरणमा प्रक्रिया आश्चर्यजनक रहेको बताएका छन् ।

विदेशी कामदारको कोटा पूरा भएको भन्दै मलेसियाले गत मे ३१ तारिकदेखि विदेशी कामदार ल्याउन रोक लगाएको थियो । तर आगामी सेप्टेम्बरदेखि एप्रुभल खुला गर्ने तयारी पूरा भएको बताइएको छ । प्लान्टेशन क्षेत्रमा अगष्ट अर्थात यसै महिनाको अन्तिमदेखि एप्रुभल खुला हुने अपेक्षा गरिएको छ ।

### रोकिएन...

होस्टेल सेफ हाउसमा काम गर्न थालिन् ।

मलेसियन नागरिकले उनको मोबाइल फोन, पासपोर्ट लगायत सबै कागजात खोस्यो । उनलाई बन्धक बनाएर यौन शोषण गर्‍यो । नेपाल फर्कन खोज्दा बल्ल उनलाई थाहा भयो- कुवेतमा नेपाली एजेन्टले उनलाई ७ लाख ५० हजार रुपैयाँमा बेचिसकेका रहेछन् ।

मोरङ बुढीगंगा गाउँपालिका ४ की मेनुका माझी (परिवर्तित नाम)को कथा पनि उस्तै छ । सुनसरीको बराहक्षेत्र नगरपालिका-४ का ३५ वर्षीय दिनेश राउतले फ्रि भिसा, फ्रि टिकटमा प्रतिमहिना ३५ हजार रुपैयाँ कमाइ हुने गरी ओमान पठाइदिने भनेर आश्वासन दिए । माझीले आवश्यक नागरिकता, पासपोर्टलगायतका कागजपत्र एजेन्ट दिनेशलाई बुझाइन् । पछि उनको भिसा आयो । उनलाई भारतको नयाँ दिल्ली हुँदै ओमान पुर्‍याइयो । ओमानस्थित एक होस्टेलमा पाँच दिन राखेपछि उनलाई अरबीको घरमा घरेलु मजदुरका रूपमा नियुक्त गरियो । उनले लुगा धुने, पोछा लगाउने, भाँडा माझ्ने, आइरन लगाउनेलगायत काम गर्नुपर्थ्यो ।

दैनिक १६ घण्टा काम गर्नुपर्दा उनी बिरामी परिन् । उनलाई अरबीले उनलाई कम्पनीमै फिर्ता पठाइदियो । उनले कम्पनीसँग नेपाल फर्काइदिन आग्रह गरिन् । तर कम्पनीले अस्वीकार गर्‍यो । कम्पनीले पाँच महिनासम्म यसै राख्यो । यसबीच उनीविरुद्ध यौन शोषणका सयौं पटक घटना भए । उनको फिर्तीका लागि परिवारका सदस्यले पठानलाई आग्रह गरे । तर उनी एक लाख ९० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भए । माझीको परिवारले ऋण काँडेर भएपनि आफ्नी छोरीलाई बचाउनका लागि कुवेतमा रहेका नेपालीलाई हारगुहार गरे । संयोग भन्नुपर्छ मेनुकाको उद्धार त भयो, तर उनी रित्तो हात नेपाल फर्किइन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयका कर्मचारी र ट्राभल एजेन्टको मिलेमतोमा फर्जी कागजात बनाइ विमानस्थलबाट मानव तस्करी हुने गरेको बताइन्छ ।

मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्त एसपी गौतम मिश्र भन्छन्, ‘भिजिट भिसामा मानव तस्करी हुने दर घटेको छैन, बरु बढेको छ । हामीकहाँ आउने सूचनाले त्यस्तै देखाउँछ ।’

**श्री नवज्योति सा.व.उ.स. रौतामाई गापा–७ उदयपुर**

**काठ बिक्री सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८१/०५/०५)

यस सामुदायिक वनबाट उत्पादन भई, विभिन्न समुहमा ग्रेडिङ गरी घाटगद्दीमा राखिएको लट नं. २ को साल गोलिया थान ९१ को ९४४.०८ क्यूफिट काठ समूह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकोले ईच्छुक वन पैदावार सम्बन्धी कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र यस समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको कार्यालयमा टाँस गरिएको छ ।

**UAE र Mauritius मा रोजगार** | कम्पनी: ONTIME MANPOWER SUPPLY, शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३७९९ | LT. No.:309125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 100 | 0 | स. काममा दक्ष | 800 | २९,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: PEACE OF MIND CONSTRUCTION CO LTD, शहर: Mauritius

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३८८७ | LT. No.: 309049

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 19500 | ५६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 2 | 0 | | 19500 | ५६,९४० | | | | | | | |
| 3. | Mason. | 12 | 0 | | 19500 | ५६,९४० | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 19500 | ५६,९४० | | | | | | | |
| 5. | Tile Layer. | 2 | 0 | | 19500 | ५६,९४० | | | | | | | |
| 6. | Unskilled Labour | 10 | 0 | | 16000 | ४६,७२० | | | | | | | |

कम्पनी: PEACE OF MIND CONSTRUCTION CO LTD, शहर: Mauritius

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३८८८ | LT. No.: 309050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 16000 | ४६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason. | 6 | 0 | | 16000 | ४६,७२० | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 16000 | ४६,७२० | | | | | | | |
| 4. | Tile Layer. | 1 | 0 | | 16000 | ४६,७२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | मरिसियस-४५,००० युएईको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**

श्रम इजाजत नं. ८६४/०६६/०६७

पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३, मोबाइलः ९८०१२२४१७०
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np
Contact No: 9801224170, 9851195403, 9848034020, 9801132374, 9801224172

**साउदीमा रोजगार** | कम्पनी: KAYAN AL THURIYAH GENERAL CONTRACTING EST, शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०१/२४ | चलानी नं.: ६०२१९०५२ | LT. No.: 304267 | पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदाराले तिर्ने | रु. १,५००/- कामदाराले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**

ईजाजत नं. ९३४/०६७/०६८

बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

**साउदीमा रोजगार** | कम्पनी: Hajar Ahmed Hassan Musa Farm for Agriculture, शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३८८० | L.T. No.: 309217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Sulaiman Abdullah Al Suhaibani Company for Blocks and Ready Mix Concrete, शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३८८१ | L.T. No.: 309249

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: Fortune Engineering and Energy Services Saudi Arabia is a one person company, शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०५/०५ | चलानी नं.: ६०२२३८८२ | L.T. No.: 309276

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Mini Truck | 6 | 0 | स. काममा दक्ष | 1800 | ६४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**

Govt Lic. No. 595/062/063

P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/११/०२ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **३०७१६८** को **राम्स नेशनल अर्गनाइजेसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/०५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**फाल्गुनन्द गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**फात्तेप, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**मितीः २०८१/०५/०५**

यस कार्यालयबाट राष्ट्रिय दैनिकमा मिति २०८१/०३/०७ को हिमालयन टाईम्समा प्रकाशित Invation for bid No: PRMW/NCB/04/2080/081 र PPMO को E–Procurement Portal मार्फत फाल्गुनन्द गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको बोलपत्र आव्हान गरिएको उक्त निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट विद्युतिय माध्यम मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्ताव मध्ये मिति २०८१/०४/१० गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मुल्याङ्कन सम्पन्न भई मिति २०८१/०५/०५ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम तपसिलको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**आर्थिक प्रस्ताव खोल्ने मिति : २०८१/०५/१३**
**समय : दिउसो १ बजे**
**स्थान : फाल्गुनन्द गा.पा. कार्यालय फात्तेप पाँचथर ।**

| सि. न. | ठेक्का न. | प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको नामावली | कैफियत |
|---|---|---|---|
| 1. | PMW/ NCB/04/2080/081 | 1. Bhawana/Lo Joint Venture, Chandragiri-12, Kathmandu<br>2. Prajil Construction Pvt.Ltd, Manbhawan-5, Lalitpur<br>3. Jana Aadarsha/Futureland/Royal JV, Kavre, Dhulikhel<br>4. P.P-Victoria J/V, New Baneshwor-10, Kathmandu<br>5. Kamlesh-Shakti JV, Hetauda, Makawanpur<br>6. Himtara-N.P. JV, Itahari, Sunsari<br>7. Sanjeev - Agesh And Abhishek JV, Phidim-04, Panchthar<br>8. Sabira/Mangmalungma JV, Maharajganj, Kathmandu<br>9. Ephphata Construction Pvt. Ltd., Bhaktapur<br>10. Devi Danda Nirman Sewa Pvt. Ltd., Bhaktapur<br>11. Marga Devi- Y.S. Builders JV, Dillibazar, Kathmandu<br>12. BBC/MBNS/UC JV, Itahari-01, Sunsari<br>13. BIR/KABIL/PATHIBHARA JV, Pathari Sanischare-10, Morang<br>14. Himalayan Construction, Phungling-04, Taplejung | |

**प्रमुख प्रशासकीय अधिकृत**

# गाउँमा बंदेल र बाँदर बजारमा कुकुर आतंक

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ भदौ



सन्धिखर्कका राम प्रसाद घिमिरे बच्चालाई स्कुल पुऱ्याएर घर फर्किंदै थिए। सडकमा सवारीसाधन र पैदलयात्रुको चहलपहल बढिसकेको थियो । आफ्नै सुरमा हिँडिरहेका घिमिरेलाई खुट्टामा केहीले काटेझैँ चसक्क गऱ्यो। फर्केर हेर्दा आफ्नै टोलमा घर अगाडि पालेको कुकुर देखे तर, कुकुरले उनलाई टोकिसकेछ ।

'चोकमा सधैँ कुकुर बसिरहेका हुन्छन्,' कुकुरले टोकेपछि एन्टिरेबिज खोप लगाउन अर्घाखाँची अस्पताल पुगेका घिमिरेले भने, 'मैले सधैँ यसै कुकुरलाई खान खान दिने गर्थे, तर आज कताबाट कुकुर रिसायो मैले पत्तो पाउन सकिन ।'

बुधाबार दिउँसो भूमिकास्थानकी कल्पना श्रेष्ठलाई पनि सडकमा हिँडिरहेका बेला अचानक कुकुरले टोक्यो । 'बाटोमा हिँड्दै थिए, कताबाट आयो कताबाट, टोकेपछि मात्र थाहा पाए,' श्रेष्ठले भनिन्, 'टोकेपछि रेबिजको सुइ लगाउन अस्पतालसम्म आइपुग्नुपऱ्यो ।'

सन्धिखर्क नगरपालिकाको सन्धिखर्क चुत्राबेसी बजार स्यालेबजार हल लाइन बिहार फुदबाङ लगायतका ठाउँहरुमा छाडा कुकुरहरुले आतंक नै मच्चाउन थालेका छन् । सन्धिखर्क नगरपालिका जिल्ला प्रहरी कार्यालय टुँडिखेल जिल्ला अस्पतालको गेटतर्फ आसपासमा छाडा कुकुरका कारण बिरामी, विद्यार्थी, वृद्धवृद्धा र रातको समयमा आवत-जावत गर्ने बिरामी, बिरामीका कुरुवा र स्वास्थ्यकर्मी त्रसित बनेको स्थानीयबासीहरु बताउँछन्।

यी ठाउँहरुमा बिहान बिहानी वाक गर्ने कलेज विद्यालय जाने तथा जिल्ला अस्पताल आसपासमा कुकुरको आक्रमणका कारण कतिपय स्थानीय घाइते बनेको सन्धिखर्क नगरपालिका वडा नम्बर १२ का अध्यक्ष नारायण खड्काले बताए ।

रातका समयमा बजार क्षेत्रमा भेला भएका कुकुरले झम्टिने गरेको छ। जथाभावी छाडिएका कुकुरका कारण बजार तथा अस्पताल आँखा अस्पताल टुँडिखेल लगायतका क्षेत्रमा बिहान बेलुका हिँड्डुल गर्न कठिन हुने गरेको सन्धिखर्क निवासी मोहनसिंह ठकुरीले बताए। कुकुर आतङ्क नियन्त्रण होस् भन्ने उद्देश्यले सन्धिखर्क नगरपालिका अर्घाखाँचीले केही महिना पहिला कुकुरहरुको भ्यासेक्टोमी क्याम्प सञ्चालन गरेका र अब पनि यस विषयमा आफुहरुको ध्यानाकर्षण भएको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुम भुसालले बताए।

उनले भने, 'हामिले कुकुर पालन गरिरहेका घरधनीलाई आ-आफ्नो कुकुर नियन्त्रणमा लिएर बाँधेर घरमा राख्न अनुरोध गरेका छौं ।'

बिरामी, विद्यार्थी, वृद्धवृद्धा र रातको समयमा बिरामी, कुरुवा र स्वास्थ्यकर्मीलाई आवत-जावत तथा हिँड्डुल गर्न समस्या सिर्जना हुनुका साथै केही मानिसलाई घाइते समेत बनाएको र भविष्यमा समेत त्यस्ता कुकुरले समस्या सिर्जना गर्न सक्ने हुँदा आ-आफ्नो कुकुरलाई बाँधेर राख्न नगरपालिकाले अनुरोध गरेको छ ।

यस्तै, सन्धिखर्क नगरपालिकाको चुत्राबेसी बजारमा समेत छाडा कुकुरको बिगबिगी छ। रातका समयमा चुत्राबेसी हुल बनेको कुकुरले आक्रमण गर्ने त्रासमा यात्रा गर्नुपर्ने बाध्यता रहेको चुत्राबेसीका स्थानीय व्यापारी असोक पौडेलले गुनासो गरे ।

गाउँमा बाँदर र बदेलको आतंक छ बजारमा कुकुरको आतङ्क छ। यसलाई नियन्त्रण गर्ने विषयमा अहिले छलफल चलिरहेकोले यसको नियन्त्रण कसरी गर्ने भन्नेकुरा भेटेनरी अस्पतालका डाक्टरहरुसँग परामर्श गरेर अगाडि बढ्ने तयारी भएको निमित्त प्रमुख जिल्ला अधिकारी मेघराज पाध्याले बताए । कुकुरले मानिसलाई टोक्ने मात्रै होइन कुकुरले खोरमा पालेका कुखुर बाखालाई समेत आक्रमण गरी क्षति पुऱ्याउन थालेपछि किसानहरु चिन्तित बनेका छन्।

# प्रेस कार्डको दुरुपयोग गर्नेलाई कारबाही : अध्यक्ष बस्नेत



**काठमाडौं/मस**-प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले 'प्रेस कार्ड'को दुरुपयोग गर्ने पत्रकारलाई कानून बमोजिम कारबाही गरिने बताएका छन् ।

प्रेस काउन्सिल नेपालद्वारा बुधबार आयोजित 'आमसञ्चार माध्यम' विषयका विद्यार्थीसँगको मिडिया अभिमुखीकरण कार्यक्रममा अध्यक्ष बस्नेतले प्रेस कार्डको दुरुपयोग गर्नेलाई हदैसम्मको कारबाही गर्ने प्रतिवद्धता व्यक्त गरे।

समाजलाई तर्साउन र धम्क्याउन नभइ सिर्जनात्मक काम गर्नका लागि व्यवस्था गरिएको प्रेस परिचयपत्रको सदुपयोग हुनुपर्नेमा उनले जोड दिए ।

'पछिल्लो समयमा प्रेस पास दुरुपयोग भएको विषयमा धेरै गुनासा आउने गरेका छन् । त्यसलाई ध्यानमा राखी छानबिन भइरहेको छ', अध्यक्ष बस्नेतले भने। उनले सामाजिक सञ्जाल र आमसञ्चार माध्यमबाट सम्प्रेषित समाचार सामग्रीले नागरिकमा अन्योल र समस्या सिर्जना गरेकाले त्यसलाई सम्बोधन गर्न मिडिया साक्षरता आवश्यक भएको बताए।

पत्रकार र सञ्चार माध्यमलाई मात्र होइन, अहिले सूचना प्रविधिको कारण मिडिया साक्षरता समाजका लागि पनि आवश्यक भएको उल्लेख गर्दै अध्यक्ष बस्नेतले सकारात्मक परिवर्तनका सवाल र रचनात्मक विषयलाई सम्प्रेषण गर्नुपर्ने दायित्व पत्रकारको भएको बताए । 'काउन्सिलले युट्युब माध्यमलाई व्यवस्थित बनाउन मापदण्ड बनाएर आवश्यक नियमन गर्दै आएको छ', उनले भने ।

प्रेस कार्डको दुरुपयोग गरी धम्क्याउने, 'बार्गेनिङ' गर्नेलगायतलाई काउन्सिलले जारी गरेको पत्रकार परिचयपत्र खोस्ने, आचारसंहिता कक्षामा सहभागी गराउने, कालोसूचीमा राख्ने, विज्ञापन रोक्ने तथा साइवर र अन्य अपराधजन्य अभियोगमा अनुसन्धान गर्ने निकायसँग सहकार्य गरी कारबाही गर्दै आएको अध्यक्ष बस्नेतले बताए । सो अवसरमा काउन्सिलको काम, कर्तव्य, अधिकार तथा संस्थागत संरचनाबारे वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले सहभागी विद्यार्थीलाई जानकारी दिएका थिए ।

# खिचापोखरी-न्यूरोड व्यापार मेला शुरु

**काठमाडौं/मस**-
काठमाडौंको खिचापोखरी न्यूरोड क्षेत्रको व्यवसाय प्रवर्द्धन गर्न सप्ताहव्यापी खिचापोखरी-न्यूरोड व्यापार मेला शुरु भएको छ ।

खिचापोखरी न्यूरोड व्यापार संघको आयोजनामा शुरु भएको मेलामा उपभोक्तालाई सहुलियत मूल्यमा 'रेडिमेड' कपडा तथा जुत्ता बिक्री गरिने संघका अध्यक्ष सागर शाक्यले जानकारी दिए ।

बुधबारदेखि शुरु भएको मेला भदौ ११ गतेसम्म सञ्चालन हुनेछ । मेलामा सर्ट, पाइन्ट, टिसर्ट, रेडिमेड गार्मेन्ट र जुत्ताहरु ४० देखि ६० प्रतिशतसम्म छुटमा पाईने संघका वरिष्ठ उपाध्यक्ष भरत बडालले बताए । कुल छ सय व्यवसायी रहेको खिचापोखरी न्यूरोड क्षेत्रमा वर्षको दुईपटक यस्ता मेला आयोजना गरिने वरिष्ठ उपाध्यक्ष बडालले बताए ।

# हुम्लामा जिप दुर्घटना हुँदा सात जना घाइते

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ५ भदौ



हुम्लाको चंखेली गाउँपालिका वडा न २ को गौरी सल्लामा बोलेरो जिप दुर्घटना भएको छ। चंखेलीबाट मुगुका लागि ७ जना यात्रु बोकेको कर्णाली प्रदेश २००१ च ० ९२२ नम्बरको बोलेरो जिप बिहानै दुर्घटना भएको चंखेली गाउँपालिका महादेव माध्यमिक विद्यालयका लेखापाल गिर्वाण शाहीले बताएका छन्। लेखा पाल शाहीका अनुसार बोलेरोमा तिल बहादुर शाही, रबिन शाही, सुरेन्द्र शाही, रमेश मल्ल, प्रिती रावत, मायादेवी शाही, र चालक महेन्द्र शाह दुर्घटनामा परेका हुन् । चालकसहित ७ जना सवार जिपमा पाँच जना सख्त घाइते भएको र दुई जनाको अवस्था सामान्य रहेको छ। उनीहरू सबैको स्थानीय स्वास्थ्य चौकीमा प्रथामिक उपचार भइरहेको छ ।

## Chhathar Jorpati Rural Municipality
## Office of the Rural Municipal Executive
**Jorpati, Dhankuta**
**Koshi Province**

## Invitation for Online Bids

**Date of publication: 2081/05/06(8/22/2024)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (with Vat &PS) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 01/CJRMUN/ NCB/081/82 | Sindhuwa Chaparichok Yagyadanda Sadak Starronnati ward No 5 & 6 | 76,92,500 | 3,000 | 1,78,,000 /- | 120 Days | NCB | 2081/06/07 (2024/Sep/22) At 13:00 |

2. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.
   Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044 Rajaswa (revenue) Shirshak No :14249-**अन्य दस्तुर**
3. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd.Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
4. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.


**यूएईको प्रतिष्ठित Telecommunication DU अन्तर्गतको कम्पनी: XAD TECHNOLOGIES - SOLE PROPRIETORSHIP L.L.C मा रोजगार**

पूर्व स्वीकृत मिति: २०८१/०४/३२ चलानी नं.: ६०२२३६७७ LT. No.: 309107 शहर: ABU DHABI

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cable Jointer Technician | 12 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५६८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter Labour | 5 | 0 | | 1500 | ५४७३५ | | | | | | | |
| 3. | Helper (Civil/construction) | 30 | 0 | | 1000 | ३६४९० | | | | | | | |
| 4. | Mason (Block, Plaster,ceramic) | 12 | 0 | | 1500 | ५४७३५ | | | | | | | |
| 5. | Splicer/comm. Tech. | 5 | 0 | | 1800 | ६५६८२ | | | | | | | |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ८ गते (24 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Co-operation for Creation...
श्रम इजाजत नं. ६१०/०६२/०६३
**साउथ एशियन इम्प्लोएमेन्ट प्रा. लि.**
सिनामंगल-०९, (KMC Hospital सँगै), काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ०१-४५८२०९९. मोबाइल नं: ९८०११७७७७५
Email: saehrm@gmail.com, info@saenepal.com.np, Web: www.saenepal.com.np



**कतारमा रोजगार** कम्पनी: BUILDERS ADVANCED ENGINEERING CONSTRUCTION CO
शहर: Qatar, Doha

पुर्व स्वीकृत मिति: २०८०/०२/०६ चलानी नं.: ६०२०१८३८ L.T. No.: 286348 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 19 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1100 | ४०,३५९ | | | | | | | |
| 3. | Reinforce Fitter | 2 | 0 | | 1100 | ४०,३५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 Govt. Lic. No: 1578/079/80
**Recruitment Partners Pvt. Ltd.**
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, 9851349039
E-mail: info@rpnepal.com



**यूएईमा रोजगारको अवसर |** कम्पनी: AL MUHANAD ELECTROMECHANICAL WORK LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/०६ चलानी नं.: ६०२१९८०२ LT. No.: 305074 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC Technician | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ductman | 25 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |
| 3. | Electrician | 25 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |
| 4. | Plumber | 25 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
Basundhara-3, Kathmandu, Nepal, Tel: +977-1-5911074/75
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921





मध्यान्ह
www.madhyanhadaily.com
६ भदौ २०८१, बिहीबार
22 August 2024, Thursday

## सम्पादकीय

# असुरक्षित त्रिवि देशको बद्नामी

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले सामाजिक सञ्जाल मार्फत् त्रिभुवन विश्वविद्यालयका पदाधिकारीको सुरक्षा माग गरेकी छन् । त्रिविका पदाधिकारीहरूमाथि हमला गर्न खोज्ने र प्राध्यापकहरूलाई धम्की दिने गरेर सिंगो विश्वविद्यालय असुरक्षित बनाउने काम भएको मन्त्री भट्टराईले फेसबुकमा लेखेकी छन् । सँगै मन्त्री भट्टराईले गुण्डागर्दी गर्ने छुट कसैमा नरहेकाले त्यस्ता व्यक्तिहरूलाई कानूनी दायरामा ल्याई कारवाही गर्न समेत माग गरेकी छन् । एउटा मन्त्रीले अर्को मन्त्रीसँग माग राखेर लेखेको स्टाटसलाई चासोका साथ हेरिएको छ । गृहमन्त्रीलाई सम्बोधन गरेर शिक्षा मन्त्री भट्टराईले सिंगो विश्वविद्यालय असुरक्षित भएको र त्यस्तो गुण्डागर्दी गर्ने छुट कसैमा नरहेको सन्देश सार्वजनिक गरेकी छन् । शिक्षा मन्त्रीबाटै त्रिवि र त्रिविका पदाधिकारीहरू असुरक्षित रहेको जानकारी दिनु पक्कैपनि सामान्य विषय होइन ।


यस्तो अवस्थामा प्रधानमन्त्री केपी शर्मा ओलीको अग्रसरता आवश्यक छ । किनकि प्रधानमन्त्री सरकार प्रमुख मात्र नभएर त्रिविकै पनि कुलपति हुन् । प्रधानमन्त्री नै कुलपति रहेको त्रिविको असुरक्षाबारे सहकुलपति एवं विभागीय मन्त्री भट्टराईले देशकै सुरक्षा व्यवस्था हेर्ने विभागीय प्रमुख (गृह मन्त्री) समक्ष सार्वजनिक मागपत्र लेखेकी छन् । मन्त्री भट्टराईले सामाजिक सञ्जालमा लेख्नु अगाडि त्रिविका उपकुलपति लगायत पदाधिकारी विदामा बसेका थिए । त्रिवि जाने बातावरण नरहेको भनेर रजिष्ट्रारको कार्यालयले सुरक्षाको माग सहित सार्वजनिक बक्तव्य जारी गरेको थियो । रजिष्ट्रारको कार्यालयले गरेको सुरक्षा माग र त्रिवि पदाधिकारीहरू विदामा बस्दा पनि बातावरण नबदलिएको भन्दै शिक्षामन्त्रीले सामाजिक सञ्जालमा लेखेकी छन् । तर गृहमन्त्री रमेश लेखक बोलेका छैनन् ।

जबकी यो विषयमा गृहमन्त्री र प्रधानमन्त्रीले तत्काल पहलकदमी लिइसक्नुपर्ने थियो । किनकि कांग्रेस र एमालेको स्वार्थका कारण त्रिविमा अहिलेको अवस्था आएको तथ्य लुकेको छैन । समाजशास्त्र केन्द्रिय विभाग प्रमुख कुन दल निकटका व्यक्तिलाई बनाउने भन्ने विषय बढ्दै जाँदा शिक्षा मन्त्रीले सामाजिक सञ्जालबाट सुरक्षाको माग गर्नेसम्मको परिस्थिति बनेको देखिन्छ । प्रधानमन्त्री र शिक्षा मन्त्री एमाले हुनु अनि गृहमन्त्री कांग्रेस हुनुको परिणाम त्रिवि बन्धक मात्र नभएर बद्नाम बनेको छ । गुण्डागर्दीमा रमाउनेहरूको अपराधिक क्षेत्र त्रिवि बन्नु मुलुकको दुर्भाग्य हो । अहिले त्यही दुर्भाग्य सिंगो देशले समेत खेप्नु परिरहेको छ । त्यसैले यो बद्नामीबाट सच्याउने काममा तत्काल प्रधानमन्त्रीले अग्रसरता देखाउनुपर्छ ।

# ऊर्जामा बहस : खपत कि निर्यात ?

*रोजगारी सिर्जना गर्ने, औद्योगिक वातावरण बनाउने र आर्थिक समृद्धिका लागि महत्वपूर्ण साधनका रूपमा रहेको बिजुली निर्यातको नाममा कम मूल्यमा विदेशी बजारमा पठाउने कि नपठाउने भन्ने प्रश्नको उत्तर सघनरूपमा खोजी गरिनुपर्छ । देश समृद्ध भए मात्रै राष्ट्रियतासमेत बलियो हुने कुरालाई बुझौं ।*

अग्रलेख



● रमेश लम्साल

नेपालले पछिल्ला तीन वर्षदेखि लगातार भारतमा बिजुली निर्यात गर्दै आएको छ । कुनै बेला चरम लोडसेडिङका कारण आफै संकटमा रहेको देशले गरेको यो प्रगति आफैमा उल्लेखनीय छ । गत आर्थिक वर्षदेखि त नेपाल खुद निर्यातकसमेत भएको छ । भारतबाट नेपालमा आउने बिजुलीको तुलनामा नेपालबाट भारत जाने बिजुलीको मात्रा बढी भएको तथा आम्दानीमा समेत बढोत्तरी भएपछि खुद निर्यातक हुने सौभाग्य पाएको हो । नेपालको ऊर्जा क्षेत्रमा देखिने गरी भएको प्रगतिको यो खास उदाहरण हो ।

कुनै बेला लुकाएर व्यापारीलाई बेचिएको बिजुली माओवादी नेतृत्वको सरकार र ऊर्जा मन्त्रीको पहलमा नेपाल विद्युत् प्राधिकरणले आम जनतालाई दिएर लोडसेडिङ अन्त्य गरिएको तथ्य पनि हाम्रा सामु उपस्थित छ । बढी भएको बिजुली भारतीय बजारमा पठाएर वैदेशिक मुद्रा आर्जनको ढोका खोल्ने श्रेय पनि माओवादी नेतृत्वलाई नै जान्छ । पछिल्लो पटक थप बिजुली निर्यातका लागि भारतले सहमति जनाएको भन्ने समाचार सार्वजनिक भएको छ । पछिल्ला विवरणअनुसार, अब झन्डै एक हजार मेगावाट बिजुली भारत निर्यात हुने छ । वर्षायाममा खेर फाल्नुपर्ने बिजुली बिक्री गर्दा त्यसले अतिरिक्त लाभ हासिल हुन सक्छ नै ।

अन्तर्राष्ट्रिय बजारमा ऊर्जालाई कमोडिटीका रूपमा चित्रण गरिएको छ । सोहीअनुसारको व्यवहार पनि गरिन्छ । बिजुली बिक्रीका अनेकन मोडल प्रचलनमा छन् । शेयर बजारमा जसरी कारोबार हुन्छ, त्यसैगरी बिजुलीको पनि कारोबार हुने गरेको छ । यो रणनीतिक उत्पादन पनि हो । यो राष्ट्रिय सुरक्षासँग पनि जोडिएको छ । बिजुली औद्योगिक कच्चा पदार्थ पनि हो । यसले औद्योगिक वातावरण बनाउन सहयोग पुऱ्याउँछ । यसको आफ्नै महत्व र भूमिका पनि छ ।

### आन्तरिक खपत र प्रसारण पूर्वाधार


हाम्रो हकमा जल्दो बल्दो सवालका रूपमा बिजुली बिक्री गर्ने कि आन्तरिकरूपमा खपत गर्ने भन्ने विषय चर्कोरूपमा उठ्न थालेको छ । प्राधिकरणले यही भदौ १ गते आफ्नो स्थापनाको ३९औं वार्षिकोत्सव मनायो । त्यस अवसरमा झन्डै ९९ प्रतिशत घरधुरीमा बिजुली पुगेको विवरण सार्वजनिक गरियो । जनपूर्णिमाको अवसरमा गोसाईंकुण्डमा समेत बिजुली पुगेको छ । नेपालको दूर दराजमा बिजुली पुग्ने क्रममा छ । ऊर्जा क्षेत्रमा नेपालले गरेको लाभको फाइदा अब ग्रामीण क्षेत्रमा जनताले पाउन थालेका छन् । तर, पूर्वाधार विकासका दृष्टिले भने हामी अझै कमजोर अवस्थामा छौं । सामान्य वर्षा हुने बित्तिकै ग्रामीण क्षेत्रको त परको कुरा राजधानी काठमाडौंमा नै बिजुली काटिने गरेको छ । प्रसारण पूर्वाधारमा रहेको कमजोरीका कारण आम उपभोक्ताले सहजरूपमा सेवा पाउन सकेका छैनन् ।

प्रसारण लाइन निर्माणको विषय सबैभन्दा जटिल बन्दै गएको छ । समस्या समाधान गर्नेभन्दा समस्या थप गर्नेहरूको संख्या बढ्दो क्रममा छ । त्यसमाथि सरकारी काम भनेपछि थपिने उल्झनको कुनै हिसाब छैन । प्राधिकरणका कुनै पनि आयोजना समयमा सकिन असम्भव जस्तै भएको छ । वन क्षेत्रको जग्गा प्रयोग र प्राप्तिको विषय अर्को कठिन कार्य बनेको छ । स्थानीय तहमा सबैभन्दा बढी समस्या छ । स्थानीय सरकारका प्रतिनिधिलाई बिजुली पनि चाहिएको छ, प्रसारण लाइन निर्माणमा अवरोध गरेर राजनीतिक रोटी पनि सेक्नु परेको छ । सिंहदरबार र आसपासमा बस्नेले सिकाएको अराजनीतिक र भ्रष्ट प्रवृत्ति गाउँ-गाउँसम्म पुगेको छ । सहजीकरण गर्नुको साटो अवरोध गर्ने, समस्या खडा गर्ने, चरम राजनीतिक विवादमा फसाइदिने र पानीमाथिको ओभानो बन्ने संस्कार माथिबाट तलसम्म प्रवाह भएको छ ।

रुख कटान नेपालको सबैभन्दा ठुलो समस्याका रूपमा खडा हुँदा तोकिएको समयमा आयोजना पूरा नहुने, रुग्ण हुने अवस्थामा कुनै सुधार भएको छैन । अन्तर सरकारी निकायबिचको समन्वय एकादेशको कथा जस्तै भएको छ । वनलाई केवल रुख मात्रै जोगाउनु छ । भूमि व्यवस्था मन्त्रालयलाई भूमिको मात्रै चासो छ । ऊर्जाले ऊर्जा मात्रै हेर्ने अरू विषय बिर्सने अवस्था छ । राजनीतिक नेतृत्वलाई यसतर्फ कुनै पनि चासो छैन ।

### स्थानीयको अवरोध र राजनीतिक नेतृत्व

आम नेपाली जनताको शेयर रहेको रसुवागढी र मध्य भोटेकोशीको बिजुली प्रसारण लाइनको अभावमा जोड्न नसकिएको प्राधिकरणले पटक-पटक सार्वजनिक गरेको छ । प्रसारण लाइन निर्माणमा कतै भौगोलिक जटिलता छ भने कतै पूर्वमन्त्रीहरूकै राजनीतिले काम गरेको प्राधिकरणका भुक्तभोगीको टिप्पणी छ । मध्यभोटेकोशीको बिजुली केन्द्रीय प्रणालीमा जोडन आवश्यक पर्ने छ वटा टावर र प्रसारण लाइन निर्माणमा सिन्धुपाल्चोकका स्थानीयबासीले अवरोध गरेका छन् । पूर्वस्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको गाउँमा प्रसारण



लाइन निर्माणमा देखिएको अवरोध समाधान गर्न वर्तमान ऊर्जामन्त्रीले पहल गर्लान् कि नगर्लान् त्यो भने प्रतीक्षाको विषय बनेको छ । स्थानीयबासीको माग सम्बोधन गर्ने दायित्व सरकार र ऊर्जा मन्त्रीको हो । प्राधिकरणको पनि उत्तिकै जिम्मेवारी छ । तर, पूर्वमन्त्री त्यसमाथि सत्तारुढ दलको बहालवाला सांसदले नै आयोजनामा अवरोध गर्दा करोडौं मूल्य बराबरको बिजुली खेर फाल्नुपरेको गुनासोको यथोचित सम्बोधन गरिनुपर्छ ।

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई सहजीकरण गर्ने, स्थानीयबासीको माग सम्बोधन गर्ने दायित्व पूर्वमन्त्री एवम् बहालवाला सांसदको पनि हो । अनावश्यकरूपमा मागमाथि माग राखेर राज्यको लगानी बालुवामा पानी बनाउने छुट कोही कसैलाई पनि छैन र हुनु हुँदैन ।

### भौगोलिक विकटता

भौगोलिक विकटता, ठेकेदारको काम चोर प्रवृत्तिका कारण कतिपय ठाउँमा प्रसारण लाइनको काम कहिले सकिने हो, कुनै ठेगान छैन । अहिले साञ्जेन र रसुवागढीको मात्रै बिजुली जोड्न सकिएको खण्डमा त्यसले मुलुकको ऊर्जा क्षेत्रमा निकै नै सकारात्मक प्रभाव पार्नसक्छ । मध्यभोटेकोशी समेत थपिदा हिउँदमा भारतबाट आयात गर्नुपर्ने बिजुलीको मात्रामा कमी आउनेछ । यद्यपि, समस्या समाधान गर्नेभन्दा पनि बल्झाउने प्रवृत्तिले घर गरेको नेपाल र नेपालीको आम चरित्र र प्रवृत्तिका कारण प्रसारण पूर्वाधार निर्माणमा जटिलता थपिँदै आएको छ । हेटौंडादेखि ढल्केबरसम्मको चार सय केभी क्षमताको प्रसारण लाइन निर्माणमा पनि उस्तै समस्या छ । कोहलपुर सुर्खेत एक सय ३२ केभी प्रसारण लाइन निर्माणमा पनि स्थानीयबासीको अवरोध छ । अवरोधै अवरोधका बिचमा प्राधिकरणले देखाएको आशाको सञ्चारलाई थप जागृत तुल्याउनु आजको प्रमुख कार्यभार हो । माथि सहमति गर्ने र तल कार्यकर्ता उचालेर अवरोध गर्ने राजनीतिक नेतृत्व पनि इमानदार बन्नै पर्छ । वातावरण संरक्षणको मुद्दा उचालेर गरिने अवरोध पनि बुझिसाध्ये छैन ।

अर्कोतर्फ, विद्यमान प्रसारण प्रणालीमा पनि रणनीतिक सुधारको जरुरी छ । उच्च क्षमताका ट्रान्सफर्मरहरू राख्ने स्थानको अभावमा बढी बिजुली माग हुने साँझको समयमा ट्रिपिङ हुने गरेको छ । सरकार विद्युतीय चुल्होको प्रयोग बढाउन लागि परेको छ । विद्युतीय सवारी साधनको प्रयोगका बारेमा पनि उत्तिकै चर्चा गरिएको छ । कार्यान्वयन पनि हुन थालेको छ । तर, सहरी क्षेत्रमा प्रसारण पूर्वाधार निर्माण गर्नु सबैभन्दा कठिन कार्य हुन थालेको छ । ग्रामीण क्षेत्रमा लामा-लामा प्रसारण लाइनका कारण भोल्टेजमा उत्तिकै समस्या छ । ती स्थानमा ठुला क्षमताका प्रसारण लाइन बनाएर गुणस्तरीय बिजुली उपलब्ध गराउनुपर्नेछ । सहज र गुणस्तरीय बिजुली उपलब्ध गराउन सकेको खण्डमा उद्योग व्यवसायमा बढोत्तरी हुँदै जाने र ग्रामीण क्षेत्रमा नै रोजगारीका अवसरहरू सिर्जना हुनेछ ।

### कर्णाली र सुदूरपश्चिम दिनुपर्ने ध्यान

कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको पहाडी जिल्लामा अझै पनि बिजुली पुग्न सकेको छैन । ती स्थानका जनतालाई अँध्यारोमा राखेर बिजुली बिक्रीको कुरा गर्दा अन्याय हुन जान्छ । समानताको हकका आधारमा भन्दा पनि आम नेपाली सबैले बिजुली उपभोग गर्न पाउनै पर्छ । पुगेका स्थानमा गुणस्तरीय र सर्वसुलभ बिजुली उपलब्ध हुनुपर्छ । अवरोध रहित बिजुली उपभोग गर्न पाउनु नागरिकको अधिकार हो । तर, प्रसारण पूर्वाधार निर्माणमा खर्च गर्नुपर्ने ठुलो धनराशि प्राधिकरण आफैले जोहो गर्न सक्दैन ।

### प्रसारण पूर्वाधारको सन्दर्भ

वार्षिक बजेटमा समेत प्राधिकरणले बजेट नपाउने, अनुदान वा सहुलियतमा प्राप्त भएको ऋणमा समेत थप ब्याज लिने, स्थानीय तहले सडक बत्ती बापत प्रयोग गरेको बिजुलीको महसुल नतिर्ने अवस्थाले ठुला पूर्वाधार निर्माणमा लगानीको जोहो गर्ने विषय झनै जटिल बन्दै गएको छ । त्यसमाथि डेडिकेटेड र ट्रंक लाइन बापत बिजुली प्रयोग गरेका उद्योगी तथा व्यवसायीलाई छुट दिन खोजिनु झनै गम्भीर छ । कोरोनाकालमा उद्योगी व्यवसायीलाई दिइएको छुटको हिसाब समेत सरकारले गरेको छैन । निःशुल्क बिजुलीको नाममा दिइएको छुटले पनि समस्या पारेको छ ।

महिना दिनमा मोबाइल रिचार्जमा ठुलो रकम खर्च गर्न सक्नेले सामान्य रूपमा बिजुलीको पैसा तिर्न सक्दैन भन्ने भाष्य पनि गलत साबित हुँदै गएको छ । समस्यामा नै परेका, गरिब र कुनै आम्दानी नभएका उपभोक्तालाई मानवीय हिसाबले पनि छुट दिनुपर्छ । भुटानका नागरिकले १०० युनिटभन्दा बढी बिजुली निःशुल्क उपभोग गर्न पाउँछन् । नेपालमा पनि क्रमशः त्यो दिन आउँदै छ । तर, यति बेला प्राधिकरणलाई लगानीको आवश्यकता छ । पूर्वाधारमा लगानीका लागि मात्रै तत्काल रु. १५ खर्ब बराबर आवश्यक छ । सरकारले बजेट नदिने, छुटमाथि छुट घोषणा गर्ने अवस्थामा प्रसारण, वितरण पूर्वाधार निर्माण कसरी हुन सक्छ भन्ने प्रश्न सबैभन्दा सङ्गिन बनेको छ । यी प्रश्नहरूको हल गर्दै आन्तरिक बिजुली खपतलाई बढवा दिनु आजको प्रमुख कार्यभार हो । बिजुली औद्योगिक कच्चा पदार्थ भएकाले आन्तरिक रूपमा खपत बढाउनु जरुरी छ । आन्तरिक रूपमा बढी भएको बिजुली मात्रै विदेशमा निर्यात गर्नु पर्दछ । त्यसो त, भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता भइसकेको छ । यस्तै, १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि पनि मार्ग प्रशस्त भइसकेको छ । यस सन्दर्भमा आन्तरिक खपतको पाटोलाई पनि उत्तिकै ध्यान दिनु आवश्यक छ ।

### आन्तरिक खपतमै जोड

रोजगारी सिर्जना गर्ने, औद्योगिक वातावरण बनाउने र आर्थिक समृद्धिका लागि महत्वपूर्ण साधनका रूपमा रहेको बिजुली निर्यातको नाममा कम मूल्यमा विदेशी बजारमा पठाउने कि नपठाउने भन्ने प्रश्नको उत्तर सघनरूपमा खोजी गरिनुपर्छ । देश समृद्ध भए मात्रै राष्ट्रियतासमेत बलियो हुन्छ । आन्तरिक एकता र आन्तरिक समृद्धि नै पहिलो सर्त हो भन्ने मान्यतालाई आत्मसात् गरिनुपर्दछ । बढी भएको बिक्री गर्ने नै हो । तर, कर्णालीका जनतालाई अँध्यारोमा राखेर गरिने बिक्रीको करा भने तर्कसङ्गत हुन सक्दैन । यस अर्थमा आन्तरिक खपत बढाउने स्पष्ट कार्य योजनासहित प्रसारण प्रणालीको विकासमा ध्यान दिनु आजको प्रमुख कार्यभार हो । राज्य, सरोकारवाला निकाय र प्राधिकरणले यो दृष्टिकोणका साथ आगामी दिनमा आफ्ना योजना अगाडि बढाउने नै छन् । त्यसबाट मात्रै मुलुकले खास अर्थमा काँचुली फेर्न सक्छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

न धेरै चाहिएको हो न थोरै, न साना न ठुला, न पुराना न नयाँ, न बलिया न कमजोर, खासमा चाहिएको असल दल हो । नागरिक सर्वोच्चता स्वीकार गर्ने, लोकतान्त्रिक चरित्र, अभ्यास र संस्कार भएको, जनताको पिर मर्का बुझ्ने र समस्या समाधान गर्ने दल चाहिएको हो । र, देशमा अहिलेसम्म यस्तो दल नै छैन ।



**- राधाकृष्ण कटुवाल**

बाबुको नाम के होला- थाहा छैन ! मामुको नाम के होला- थाहा छैन ! श्रीमती कसको- मेरो, छोरा कसको- थाहा छैन, गोरखा मिडिया कसको- हाम्रो हो । अनि मिडियाको नाममा आएको रकम कहाँ गयो- त्यो त थाहा छैन । केही थाहा नहुने मान्छेको केही पनि काम छैन । अब रास्वपा भन्ने पार्टी पनि देशलाई काम छैन ।



**- हरिचन्द्र पाण्डेय**

रेमिटेन्स आउँछ, देश चल्छ, विदेश पठाउन प्रोत्साहन र सहजीकरण गरौं भन्दै फुर्क्याउनेहरू देश चलाउन गाह्रो भो, फलानालाई दिऊ भन्न सक्छन् । यी फुर्क्याउनेहरूले त्यै बाटो तयार गर्दै छन् । हाम्रो समाजमा यस्तो 'ज्यु हजुरी' मात्र गर्नेलाई पातकी चाला भन्छन् । समाज र सञ्जालतिर पातकी चाला भएकालाई पनि चिनौं ।



**- सुदर्शन खतिवडा**

राप्रपाले राजावादी बनेर सारा राजतन्त्र र हिन्दु धर्ममा आस्था राख्नेलाई नै बदनाम गराए, आफ्नो रोटी सेक्न । राजा र हिन्दु धर्मलाई नै फ्याँकेर देश लुट्न, मोजमस्ती गर्न र गराउन, देश बेचेर विदेशमा पैसा थुपार्न र त्यसैको लागि व्यक्तिको हत्या गरेर समाजलाई भयभीत पारेका सँगै लुटपुटिएका छन् ।

# मिथक र कथाबाट सम्मोहित समाज

विचार



● ज्योतिलाल वन

*मनुस्मृतिले शूद्रलाई 'वेद सुने कानमा तातो फिर रोपिदिनु, वेद पढे जिब्रो काटिदिनु, घमन्डमा आएर द्विजलाई धर्मोपदेश गरेमा राजाले उम्लिरहेको तेल शूद्रको मुख र कानमा हालिदिनु' भन्ने विधि विधान बनाए । अहिले कृष्ण दमाईले तीनै चरम विभेदकारी र अमानवीय वाङ्मयहरूको बखानयुक्त प्रवचन गर्नुलाई गौरवको विषय कसरी मान्नु र ?*

"सत्य होइन, कथा खोज्छ मान्छे" ठिकै भन्छन् हरारी युवल नोआ हरारी । त्यसैले त, देव-देवी, राक्षस, भूत, पिचास आदिमा आधारित मिथकहरू मात्र हैनन्, परिकल्पनामा आधारित इतिहास र समाजशास्त्रहरू पनि कथात्मक छन् । यस्ता मिथक र कथाहरूले अधिकांश मानव मनमस्तिष्कलाई यति धेरै सम्मोहित बनाएको छ कि यिनले मिथक र कथालाई सत्य ठान्ने मात्र हैन, सत्यलाई झुट ठान्छन् र सत्य बताउनेलाई पापिष्ठ र फटाहा ठान्छन् । विभेद र अमानवीय वाङ्मयहरूको बखानयुक्त प्रवचन गर्नुलाई गौरवको विषय मान्न सकिँदैन ।

पङ्क्तिकारले वैदिक वाङ्मयहरूमा रहेका अन्य सकारात्मक पक्षहरूप्रति सम्मान गर्दै तीभित्र समावेश यस्ता अमानवीय पक्षहरूको मात्र विरोध गर्ने गरेको छ । वेदले शूद्रलाई परमेश्वरको पाइतालाबाट उत्पन्न भएको भनी मानवमा सबैभन्दा तल्लो तहमा गणना गऱ्यो । वेदान्तपछिका हिन्दु वाङ्मयहरूले शूद्रलाई उपल्ला तीन वर्णको सेवक, अछुत र मानवमध्येको सबैभन्दा नीच मानवमा परिभाषित गरे ।

स्मृतिकालीन स्मृतिहरू खासगरी मनुस्मृतिले शूद्रलाई 'वेद सुने कानमा तातो फिर रोपिदिनु, वेद पढे जिब्रो काटिदिनु, घमन्डमा आएर द्विजलाई धर्मोपदेश गरेमा राजाले उम्लिरहेको तेल शूद्रको मुख र कानमा हालिदिनु' भन्ने विधि विधान बनाए । अहिले कृष्ण दमाईले तीनै चरम विभेदकारी र अमानवीय वाङ्मयहरूको बखानयुक्त प्रवचन गर्नुलाई गौरवको विषय कसरी मान्नु र ?

शूद्रका सम्बन्धमा मनुस्मृतिको अष्टम अध्यायमा भनिएको छ, "यदि शूद्रले द्विजातिहरूलाई अत्यन्त कठोर वा दुष्ट वाणीमा आक्षेप लगायो भने उसको जिब्रो काटिदिनुपर्छ किनकि त्यो शूद्र नीचबाट उत्पन्न भएको हो ।" यस्तै अर्को पृष्ठमा भनिएको छ, "नाम र जाति काढेर यदि शूद्रले द्विजलाई द्रोहपूर्वक कठोर वचन भनेमा आगामा हालेर रातो पारेको दश अङ्गुल लामो फलामको फाली उसको मुखमा हालिदिनु ।" त्यति मात्र होइन, "यदि शूद्रले घमन्डमा आएर द्विजलाई धर्मोपदेश गऱ्यो भने राजाले उम्लिरहेको तेल शूद्रको मुख र कानमा हालिदिनु" भन्नेसम्मका कुराहरू मनुस्मृतिमा लेखिएको छ ।

वैश्य र शूद्रबाट उनीहरूको कर्म गराउनु, राजाले वैश्यबाट व्यापार, व्याजको जीविका, कृषि, पशुपालन र शूद्र जातिबाट द्विजातिहरूको सेवा गराउनु भन्ने कुरा मनुस्मृतिमा थपिएको छ । जहाँ "क्षत्रिय र वैश्यले यदि आफ्नो काम (वृत्ति)बाट आफ्नो भरण-पोषण गर्न सकेन भने ब्राह्मणले कृपापूर्वक उनीहरूबाट आफ्नो काम गराएर भरण-पोषण गर्नु", भन्ने वाक्यांश पनि थपिएको छ ।

शूद्रबाट दासता गराउनु, "शूद्र तु कारयेद्दासयं क्रीतमक्रीतमेव वा दास्यायेव हि सृष्टोऽसौ ब्राह्मणस्य स्वयंभुवा" जस्ता कुरा हामी मनुस्मृतिमा पाउँछौं । जहाँ दलितलाई यतिसम्म भनिएको छ कि अन्य जातिले उसलाई इच्छाअनुसार प्रयोग गर्न पाउनुमा कुनै अन्याय हुँदैन । "किनेर ल्याएको होस् वा तलब दिएर राखेको होस्, शूद्रबाट त सेवा कार्य नै गराउनु, किनकि ब्रह्माले ब्राह्मणको सेवाका लागि नै शूद्रलाई रचेका हुन्", मनुस्मृतिमा भनिएको छ ।

"न स्वामिनानिसृष्टोऽपि शुद्रो दास्याद्विमुच्यते, निसर्गजं हि तत्तस्य कस्तस्मात्त दपोहति अर्थात् शूद्रलाई स्वामीले छाडिदिए पनि दासत्वबाट मुक्त हुन सक्दैन, दासपनको कार्य गर्नु त उसको स्वाभाविक कर्म नै हो, उसलाई दासत्वबाट कसले छुटाउन सक्छ, कसैले सक्दैन ।", यस्ता चरम विभेदकारी र विभाजनकारी भनाइहरू मनुस्मृतिमा छन् । जसलाई शिरोधार्य गरेर समानताको कुरा गर्नु सही हुन सक्दैन । जबसम्म यस्ता कुरालाई हामी समाजबाट नामेट पार्न सक्दैनौ, तबसम्म त्यसको प्रभाव रहिरहने छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | प्रसन्नतामा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहनेछ । |
| मिथुन | : | सन्तान सुखमा वृद्धि हुनेछ । व्यवसायमा लाभ मिल्नेछ । |
| कर्कट | : | आहारमा ध्यान दिनुहोला । पेट सम्बन्धी समस्याको योग छ । |
| सिंह | : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुखमा वृद्धि हुनेछ । |
| कन्या | : | खर्चमाथि नियन्त्रण जरुरी छ । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | : | जग्गा खरिद हुने योग छ । व्यापारिक कार्यमा प्रगति राम्रो हुनेछ ॥ |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु | : | रोकावटपछि सफलता प्राप्त हुनेछ । अनावश्यक तनावको योग छ । |
| मकर | : | सामाजिक जीवन प्रभावशाली रहनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला । |
| कुम्भ | : | राजकीय कार्यमा वृद्धि हुनेछ । मुकदमा सम्बन्धी समस्याको योग छ । |
| मीन | : | पारिवारिक सहयोग राम्रो रहनेछ । कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पर्सा प्रहरीद्वारा एक महिनामा ८ करोड बढीको भन्सार छलीका सामान बरामद

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, ५ भदौ

जिल्ला प्रहरी कार्यालय पर्साले चालु आर्थिक वर्षको पहिलो महिना साउनमा ८ करोड ३ लाख रुपैयाँभन्दा बढीको भन्सार छली तथा चोरी पैठारी गरी भित्र्याइएको सामान बरामद गरेको छ।

जिल्लाको विभिन्न स्थानबाट प्रहरीले उक्त परिमाणको सामान बरामद गरेर भन्सार बुझाएको पर्सा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक कुमुद ढुंगेलले बताए ।



सो अवधिमा पर्सा प्रहरीले विद्युतीय चुरोट (इलेक्ट्रोनिक भेप) ठूलो परिमाणमा बरामद गरेको छ । चार करोड ८६ लाख २४ हजार ८ सय रुपैयाँ बराबरको भेप प्रहरीले बरामद गरेको हो। साउन २५ गते वीरगञ्जको वडा नम्बर ६ रेल्वेरोड बस्ने रामप्रसाद बरैको घरमा छापा मारेर प्रहरीले उक्त परिमाणको विद्युतीय चुरोट बरामद गरेको हो । कोठा भाडामा लिएर बस्ने भारत बिहारका सुदामा प्रसादले अनधिकृतरुपमा भण्डारण गरी राखेको प्रतिकार्टुन दुई सय पिसका दरले ७६ कार्टुनमा रहेको भेप बरामद गरिएको प्रहरी उपरीक्षक ढुंगेलले बताए।

जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार चालु आ.व.को पहिलो महिनाको मासिक कार्यप्रगति प्रतिवेदनअनुसार यही अवधीमा प्रहरीले लागुऔषधसम्बन्धी कसुरमा चार जना महिलासहित ३० जनालाई पक्राउ गरेको छ। नाइट्राजेपाम १८ ट्याब्लेट, नाइट्राभेट दुई हजार ८ सय ५६ ट्याब्लेट, ट्रामाडोल एक लाख २० हजार ५ सय ४ ट्याब्लेट, फेनारगन एक हजार ४ सय ८३ एम्पुल, नुरफिन एक हजार ४ सय एम्पुल, डाइजेपाम एक हजार ४ सय ८६ एम्पुल, चरेस १८ किलोग्राम र गाँजा ७६ किलोग्राम बरामद गरिएको प्रहरी उपरीक्षक ढुंगेलले जानकारी दिए। बरामद सामग्री वीरगञ्ज भन्सार कार्यालय र राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ।

प्रहरी उपरीक्षक ढुंगेलका अनुसार यही अवधिमा विगतका पुराना २६ वटा मुद्दा पनि फछ्र्यौट गर्न पर्सा प्रहरी सफल भएको छ । साथै सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत १ सय २७ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको पनि उनले बताए। प्रहरीले नागरिकप्रति विश्वास बढाउन तथा प्रहरीप्रतिको भ्रम र डर हटाउनका लागि प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरिरहेको उनको भनाइ छ।

# बाजुरामा करेन्ट लागेर दुई जना घाइते

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ५ भदौ

बाजुरामा करेन्ट लागेर दुई जना घाइते भएका छन्। बाजुराको बडिमालिका नगरपालिका वडा नं ६ मा रहेको कोर्धाली गाड लघुजलविद्युत आयोजनाको लाइन मर्मतका लागि पोलमा चढ्ने क्रममा करेन्ट लागेर दुई जना घाइते भएका जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरीक्षक दिलिप गिरीले बताए।

घाइते हुनेमा बडिमालिका नगरपालिका वडा नं ४ का २८ वर्षीय राजेन्द्र नाथ र सोही नगरपालिका वडा नं ६ कोर्धका २९ वर्षीय रुपक बहादुर बडुवाल रहेका छन्। घाइतेमध्ये बडुवाको अवस्था गम्भीर रहेको र नाथको अवस्था केही सामान्य रहेको बताइएको छ। अहिले घाइते दुवै जनालाई थप उपचारका लागि जिल्ला अस्पताल बाजुराले रिफर गरेको अस्पतालका



सूचना अधिकारी नृपराज गिरीले बताए।

उनीहरु नेपाल विद्युत प्राधिकरण बाजुरा वितरण केन्द्रलाई समेत कुनै जानकारी नगराइ पोलमा चढेको पाइएको छ। लघुजलविद्युत आयोजनाको विद्युत बन्द भएपनि केन्द्रीय प्रशारण लाइनको विद्युत बन्द नभएकै अवस्थामा पोलमा चढेपछि करेन्ट लागेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ। बाजुरा १२ दिनअघि सोही ठाउँमा एक जनाको करेन्ट लागेर मृत्यु भएको थियो।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०५/०६**

के.बि.आर. इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.को २०७९/०९/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **के.डि. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं.: २६११९८)** कायम गर्ने गरी मिति २०७९/०९/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## UAE मा रोजगार | कम्पनी: POWER CLEANING SERVICES & BUILDING MAINTENANCE (L.L.C.) शहर: UAE

पूर्व स्वीकृत मिति: २०८१/०५/०५ | चलानी नं.: ६०२२३८५५ | L.T. No.: 309017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 70 | 130 | स. काममा दक्ष | 900 | ३२,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456
Chitwan : 9865087111 Ithari : 9851060167, Phokhara: 9802853454



## SAUDI र QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YUKSEL INSAAT SAUDIA CO.** शहर : Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०५/०५ | चलानी नं.: ६०२२३८७५ | LT. No.:309196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MARMI ENGINEERING** शहर : QATAR, DOHA
पूर्व स्वीकृत मिति: २०८१/०५/०५ | चलानी नं.: ६०२२३८७६ | LT. No.: 309182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furnit.woodworker | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 5 | 0 | | 1000 | ३६,६९० | | | | | | | |
| 3. | Maintenance Technician | 1 | 0 | | 1200 | ४४,०२८ | | | | | | | |
| 4. | Plaster Worker (Man) | 4 | 0 | | 1200 | ४४,०२८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ३. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ४. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ५. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं. ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्विखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029



## UAE मा रोजगारको अवसर | कम्पनी: Safari Hypermarket LLC शहर: UAE

पुर्व स्वीकृत मिति: २०८०/१२/१३ | चलानी नं.: ६०२१७४०४ | LT. No.: 302547 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 30 | 20 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 35 | 5 | | 800 | २९,१३६ | | | | | | | |
| 3. | Security | 15 | 5 | | 1200 | ४३,७०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Empower Huntr H.R. Solution Pvt. Ltd.**
(साबिक Empower Human Resources Management Pvt. Ltd) Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4560541, 4560542, 4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa : 023-535323 | Chatwan : 9855016639 | Butwal : 9851178901, Pokhara : 9802855069/ 9802855194


## लिखुतामाकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**धोबीबजार, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

### अमिन आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०६ गते)**

लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापको लागि तपसिल बमोजिमको पदमा लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिम मिति २०८१/०४/३१ को गाउँ कार्यपालिकाको निर्णयानुसार व्यक्ति करार सेवामा खुला प्रतियोगितात्मक प्रतिस्पर्धा मार्फत सेवा करार गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिकले तपसिलको बन्देज तथा शर्तहरुको अधीनमा रही लिखु तामाकोशी गाउँपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिमको ढाँचा-लिखु तामाकोशी गाउँपालिकाको वेवसाइट www.likhutamakoshimun.gov.np मा विद्युतीय सुशासन सेवा नमूना फारामहरुको प्राविधिक पदपूर्तिका लागि दरखास्त फाराम पिडिएफ डाउनलोड गरी) मा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रीतपूर्वक दरखास्त आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि.नं. | विज्ञापन नं. | पद/तह | छनौट परीक्षाको किसिम | माग पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०१/२०८१/०८२ | अमिन | लिखित र अन्तर्वार्ता | १ (एक जना) |

**शर्तहरू:**

१. **आवेदन दिने स्थान:-** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप वा likhutamakoshi@gmail.comमा आवश्यक सम्पूर्ण कागजात स्क्यान गरी दरखास्त आवेदन पेश गर्न सकिनेछ।
२. **आवेदन दस्तुर:-** रु. १,०००।- (अक्षरुपी एक हजार मात्र)
३. **आवेदन फाराम र दस्तुर बुझाउने स्थान:-** नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि., लिखु तामाकोशी शाखा खाता नं. ग १.१ आन्तरिक राजस्व खाता ०७००१४००२५००१६ मा नगद जम्मा गरी वा कार्यालयमा आई आवेदन दस्तुर दाखिला गरेको सक्कलै बैंक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।
४. **शैक्षिक योग्यता:-** लोक सेवा आयोगले लिने अमिन पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एसएलसि वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको।
५. **उमेर:-** पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।
६. **सेवा करार अवधि:-** करार सम्झौताको मिति देखि ६ महिना सम्म। आवश्यकता भएमा सेवा करार थप गर्न सकिनेछ।
७. **तलब/सेवा सुविधा:-** प्रचलित कानुन बमोजिम गाउँ कार्यपालिकाले तोके अनुसार।
८. **काम गर्नु पर्ने स्थान:-** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछापबाट तोकिएको स्थान।
९. **छनौट परीक्षा मिति, समय र स्थान:-** दरखास्त आवेदन पेश गर्ने अन्तिम दिनको भोलिपल्ट १६औं दिन कार्यालय समयमा फोन मार्फत जानकारी गराइनेछ। (दरखास्त फाराममा सम्पर्क नं. अनिवार्य राख्नु पर्नेछ।)
१०. माथि उल्लेखित रीतपूर्वक पेश हुन नआएका दरखास्त आवेदन उपर कुनै कारबाही हुने छैन।
११. अन्य केही थप जानकारीका लागि ९८४४३०२२३० मा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**दरखास्त आवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:-**

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
२. शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि,
३. कार्य अनुभव प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

**द्रष्टव्य:-** छनौट परीक्षा अन्तर्वार्तामा सहभागी हुँदा दरखास्त आवेदन साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातको सक्कल प्रमाणपत्र साथमै लिएर उपस्थित हुनु पर्नेछ। अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Quotations

### Jhapa Rural Municipality
### Office of the Rural Municipal Executive
**Taghandubba, Jhapa**
**Date of publication(first notice) : 2024-08-22 (2081-05-06)**

1. *Jhapa Rural Municipality, Office of Rural Municipal Executive* invites electronic Quotations from Nepalese eligible bidders for the procurement of following works under Sealed Quotation procedures.
2. Eligible bidders may obtain further information and inspect the Quotation Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders who chooses to submit their Quotation electronically may download the Quotation documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.. Bidders submitting their Quotation electronically, should deposit the cost of Quotation document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the Bidders at the time of electronic submission of the Quotations. Information to deposit the cost of Quotation document of Rs. **1000** in the following Bank information :
   Name of the Bank: NIC ASIA    Name of Office: Jhapa Rural Municipality
   Office Code no. :80101325    Office Account no.: 2022050512514014
6. The Quotations will be opened in the presence of Bidders representatives who choose to attend at the office of *[Jhapa Rural Municipality]*. Quotations must be accompanied by a Bid security or scanned copy of the Bid security in .pdf format in case of e-bid, in following bank information.
   Account Name: Dharauti Khata    Bank Name: NIC ASIA BANK
   Bank Address: Jhapa Bazaar Branch / Corporate Office    Account Number: K2CA051251452407
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the Quotation and Quotation security shall remain the same as specified for the original last date of Quotation submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Quotations without assigning any reason, whatsoever.

| S.n | Name of Procurement | Last Date Of Quotation Submission | Quotation Opening Date | Quotation Security Amount And Validity Period |
|---|---|---|---|---|
| 1. | Supply and Delivery Of Gents and Ladies Bicycles as Per Technical Specification(All Complete work) | 2024/09/06 , 12 PM | 2024/09/06 , 1 PM | 30,800/- (45+30) DAYS |

**Chief Administrative Officer**

# वनको समस्या समाधान गर्न उर्जामन्त्री सक्रिय



**काठमाडौं /मस**-उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयअन्तर्गतका आयोजना निर्माणका क्रममा देखिएका वनको समस्या समाधान गर्न मन्त्रालयले सक्रियता देखाएको छ ।

वनको समस्याका कारण आयोजना समयमा नबन्ने तथा बनेका आयोजनाको लागत समेत महंगो हुने गरेको भन्दै त्यसको समाधानका लागि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दीपक खड्काले पहलकदमी लिएका हुन् ।

उर्जा मन्त्रालयमा बुधबार आयोजित छलफलमा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही, उर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री पूर्णबहादुर तामाङ, वन तथा वातावरण राज्यमन्त्री रुपा विश्वकर्मा, दुई मन्त्रालयका सचिव तथा सहसचिवलगायतको उपस्थिती रहेको थियो । कार्यक्रममा उर्जामन्त्री खड्काले विकास निर्माणको कामलाई सरकारले उच्च प्राथमिकतामा राखेकाले सरकारले राखेको लक्ष्य पुरा गर्ने सिलसिलामा देखिएका कानूनी समस्या समाधानका लागि अन्तर मन्त्रालयस्तरिय छलफल सुरु गरिएको बताए ।

'सरकारले १० वर्षमा २८ हजार ५०० मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ तर वन र जग्गा प्राप्तीको समस्याले समयमा काम नबन्ने र बनेका आयोजना पनि महंगो हुने स्थिती सिर्जना भएको छ, वन र जग्गा प्राप्तिका लागि देखिएका कानूनी अड्चनलाई समाधान गर्दै हाम्रो लक्ष्य हाँसिल गर्नेतर्फ लाग्नुपर्छ,' मन्त्री खड्काले भने ।

उनले पछिल्लो समय विद्युत माग बढ्दै गएको र नेपालको प्रमुख आयस्रोतको माध्याम उर्जा क्षेत्र रहेकाले विद्युत उत्पादनमा सरकारले ध्यान दिनुपर्ने बेला आएको बताए । अनावश्यक रुपमा उत्पादनकर्तालाई दुःख दिन नहुने उनको भनाई थियो । उर्जामन्त्री खड्काले स्रोतको धनी देशमा दुरदराजमा बत्ती नपुग्नु दुःखद कुरा भएको बताए ।

उनले वातावरणीय संरक्षणसँगै विकासलाई समेत ध्यान दिनुपर्ने उल्लेख गरे । मन्त्री खड्काले विकासका क्रममा देखिएका समस्यालाई एक/एक छलफल गरेर समाधानतर्फ लाग्नुपर्नेमा जोड दिए । उनले एकै ठाउँबाट सेवा प्रवाह गर्ने वातावरण निर्माणमा लाग्नुपर्ने उल्लेख गरे । विकासका क्रममा देखिएका समस्या समाधानका लागि सरोकारवाला निकाय लाग्नुपर्ने उनको भनाई थियो । प्रकृयागत ढिलाई र कानूनको झण्झटलाई हटाएर अगाडि बढ्नुपर्ने मन्त्री खड्काले बताए ।

वन तथा वातावरणमन्त्री शाहीले जग्गा प्राप्तीका प्रक्रियालाई सहज बनाउनका लागि वन

# बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यापर्यटनबाट बढी राजस्व




**बर्दिया /मस**-बर्दिया राष्ट्रिय निकुञ्जले गत वर्ष पर्यापर्यटनबाट सबैभन्दा बढी राजस्व संकलन गरेको छ । वनपैदावार, काठ दाउरा बिक्री, गैरकाष्ठ वनपैदावार, दण्ड सजायलगायत अन्य शीर्षकमा राजस्व उठाउँदै आएको निकुञ्जले कूल राजस्व असुलीको आधा भन्दा बढी राजस्व पर्यापर्यटनबाट संकलन गरेको हो ।

बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेका अनुसार आर्थिक वर्ष २०८०/८१ मा वन पैदावार बिक्रीबापत् रु. एक करोड ३५ लाख ६८ हजार नौ सय २९, काठ दाउरा बिक्रीबाट रु. आठ लाख ३५ हजार आठ सय ४७, गैरकाष्ठ वन पैदावारमार्फत रु. एक करोड २७ लाख ३३ हजार ८२ सङ्कलन गरेको छ ।

त्यस्तै दण्ड सजायबाट रु. २८ लाख ५८ हजार एक सय २२ र अन्य शीर्षकबाट रु. तीन लाख ७७ हजार पाँच सय ७० असुली गरेको छ । निकुञ्जले गत वर्ष पर्यापर्यटनबाट रु. दुई करोड ८४ लाख चार हजार पाँच राजस्व संकलन गरी कूल रु. चार करोड ५२ लाख आठ हजार छ सय २६ सङ्कलन भएको संरक्षण अधिकृत वाग्लेले जानकारी दिए ।

निकुञ्जमा वनसम्बन्धी विभिन्न १२ र वन्यजन्तुसम्बन्धी २४ गरी ३६ मुद्दा दर्ता भएकोमध्ये चार ओटा मुद्दा फैसला भएका छन् । बाँकी मुद्दा क्रमशः फैसला गरिँदै लगिने जनाइएको छ ।

बर्दिया राष्ट्रिय निकुञ्जमा गतवर्ष स्वदेशी, विदेशी र सार्क मूलुकका गरी कूल २६ हजार एक सय ३१ जना पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । जसमध्ये नेपाली १८ हजार १०, विदेशी छ हजार छ सय ८४ र सार्क मुलुकका एक हजार चार सय ३७ पर्यटकले निकुञ्ज भ्रमण गरेका छन् । बर्दियामा पर्यटकले हात्ती, बाघ, गैँडालगायतका वन्यजन्तु अवलोकन गर्न मन पराउने ठाकुरद्वाराका पर्यटन व्यवसायी गोविन्द अधिकारी बताउँछन् ।

पर्यटकले प्राकृतिक विविधतासँगै स्थानीय थारु संस्कृति, परम्परा, परिकार मन पराउने गर्छन् । जंगल 'वाक' तथा सफारी गर्दै घण्टौँ कुरेर विदेशी तथा स्वदेशी पर्यटकले निकुञ्जमा बाघ हेरेर फर्किने गरेको व्यवसायी अधिकारीले बताए । निकुञ्ज प्रवेश तथा जीप सफारी गर्दा निकुञ्जमा निश्चित दस्तुर बुझाउनुपर्छ ।


## ईन्द्रावती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नवलपुर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०५/०६**

स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ईन्द्रावती गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५, ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन तथा विक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो शंसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९(१) र ९(५) र सो सँग सम्बन्धित अनुसूची- ५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था, राजश्व परामर्श समितिको सिफारिस र यस गाउँ कार्यपालिका वैठकको मिति २०८१/०३/२६ गतेको निर्णयानुसार देहायको शीर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८१/०८२ को लागि ठेक्काद्धारा गराउन यो दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र E-bidding मार्फत यस कार्यलयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८१/०८२ को लागि ठेक्का वन्दोवस्ती मार्फत निर्धारण गरिएको संकलन तथा विक्री परिमाण (घन फिटमा) | आ.व. २०८१/०८२ को लागि निर्धारण गरिएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल रोडा र दहत्तर बहत्तरको संकलन एवं विक्री दर (प्रति घन फिट) रु. | कूल न्यूनतम अङ्क रु. (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|---|
| IRMSI/R/ 081/082-01 | ईन्द्रावती नदी तर्फ ईन्द्रावती गाउँपालिका क्षेत्रको कोइरालटार, आँपटार, भीमटार, न्यौपानेटार, धुसेनी, होस्टेदोभान, बिसदेउटार, बदेली सिस्नेखोला दोभान, माझीटार, ढोटार, ओडारे बगरहरुको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा स्वीकृत परिमाणको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा र दहत्तर बहत्तरको संकलन एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) । | १,५०,३३,८०९.९५ | ७- | रु. १०,५२,३६,६६९.७ | रु. १०,०००।- | कुल कबोल अङ्कको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धी शर्तहरू** :

१. माथि उल्लेखित ठेक्काको बोलपत्र भर्दा कूल कवोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा स्पष्ट रुपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्ध हुनेछ । उल्लेखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधी गाउँपालिकासँग सम्झौता भएको मिति देखि २०८२ साल आषाढ मसान्त सम्म रहनेछ । ठेक्का सम्झौता उल्लेखित परिमाणगत आधारमा हुनेछ र ठेक्का सम्झौता भए पश्चात सम्झौता बमोजिमको परिमाण संकलन तथा विक्री गर्नुपर्नेछ ।ठेक्का अवधीमा दुङ्गा,गिटी,बालुवा, उत्खनन तथा विक्री तथा व्यवस्थापन सम्बन्धी ( पहिलो शंसोधन मापदण्ड २०७९) को दफा ४ को उपदफा १६ बमोजिम आषाढ, श्रावण, र भाद्र महिनामा नदीबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाइने छैन । ठेक्का सम्झौता भए पश्चात कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न तथा एंव छुट माग गर्न पाईने छैन । साथै, IEE प्रतिवेदनले तोकेको परिमाण भन्दा वढी तथा निषेध गरेको अवधि एवं स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको नदी क्षेत्रबाट बाहेक अन्य स्थानबाट सामाग्री उत्खनन् गर्न पाइने छैन ।

३. ठेक्काको कबोल अंङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) थप गरी ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा, नवलपुर स्थित धरौटी खाता नं. १७३०१४००००००५५** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., ईन्द्रावती शाखा नवलपुरमा रहेको आन्तरिक राजश्व खाता, खाता नं. १७३०१४०००००११६** मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै, रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा ईन्द्रावती गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्रको दस्तुर तिरी १६ औं दिन (२०८१/०५/२१) दिनको १२:०० बजे भित्रपेश गर्नुपर्नेछ । ठेक्काको बोलपत्र फाराम PPMO को वेभ साइट http://www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी बोलपत्र फारमको कबोल गरेको रकम भर्ने स्थानमा कबोल रकम भरी स्क्यान गरी E- Bidding मार्फत अपलोड गर्नुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २:०० वजे ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारामहरु दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बोलपत्र स्वीकृत भए पश्चात नियमानुसार पहिलो किस्तामा बुझाउनु पर्ने २५% रकम बाहेक बाँकी रकमको कार्य सम्पादन जमानत ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको २०८२ श्रावण मसान्त सम्म म्याद रहेको कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का सम्झौता बखत | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम । |
| दोश्रो | २०८१ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम । |
| तेश्रो | २०८२ जेठ मसान्त सम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम । |

३. ठेक्का कबोल गर्ने ठेकेदारले ईन्द्रावती गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने संकलन तथा विक्री तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित रसिदको विवरण तयार गरी निकासी परिमाण खुल्नेगरी मासिक रुपमा गा.पा. मा विवरण पेश गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४. ठेकेदारले उठाउने कर शुल्क गाउँपालिका क्षेत्र भित्रको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ, साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

५. बोलपत्र स्वीकृत भएपश्चात, तोकिएको समयभित्र आवश्यक कार्यसम्पादन जमानत तथा पहिलो किस्ता वापतको रकम जम्मा गर्न नसकी सम्झौता गर्न नआएमा निजको धरौटी वापतकको रकम असूल गरी, निज फर्मलाई कालोसूचीमा राख्ने लगायतका नियमानुसारको कारबाही गरिनेछ ।

६. ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाईने छैन ।

७. जमानत वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

९. प्राकृतिक/दैवी वा अन्य कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. ईन्द्रावती गाउँपालिका भित्रका नदी, नालावाट ढुङ्गा, गिट्टी, वालुवा, निकाली विक्री गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पूलको तल १५०० र माथि १००० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा पालना गर्नुपर्नेछ । ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाईनेछ ।

१२. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न बाधा पर्ने छैन ।

१३. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र आ.व ०७९/०८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१४. बोलपत्र फारम नियमानुसारको राजस्व रकम तिरी ईन्द्रावती गाउँ कार्यपालिकाको कार्यालय, नवलपुर, सिन्धुपाल्चोकबाट खरिद वा PPMO को वेभसाइट मार्फत डाउनलोड गरी पेश गर्न सकिनेछ ।

१५. ढुङ्गा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१६. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१७. प्रदेश सरकार/उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेशबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१८. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# इरानमा बस दुर्घटना हुँदा २८ पाकिस्तानीको मृत्यु

**काठमाडौं/एजेन्सी–** इराकमा शिया मुस्लिम धर्मावलम्बीको धार्मिक अनुष्ठानका लागि जाँदै गरेको बस दुर्घटना हुँदा कम्तीमा २८ जना पाकिस्तानी तीर्थयात्रीको मृत्यु भएको इरानको राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

पैगम्बर मोहम्मदका नाति इमाम हुसेनको शोकको ४०औं दिनको अवसरमा मनाइने सिया धर्मावलम्बीहरूको महत्वपूर्ण धार्मिक अनुष्ठान अर्बेन स्मृति समारोहमा भाग लिन पाकिस्तानी तीर्थयात्रीहरु इरान हुँदै इराकतर्फ गएका थिए ।

मंगलबार राति ५१ जना पाकिस्तानी तीर्थयात्री चढेको एउटा बस मध्य प्रान्त याज्दको देहशिर-ताफ्ट सुरक्षा जाँच केन्द्रअगाडि पल्टिएपछि आगलागी भएको इरानको एक राष्ट्रिय टेलिभिजनले जनाएको छ ।



'बुधवार बिहानसम्म २८ जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन्,' इरानी टेलीभिजनले समाचारमा उल्लेख गरेको छ ।

याज्द प्रान्तका संकट व्यवस्थापन प्रमुख अलि मालेक-जादेहले घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको बताउँदै मृतक संख्यामा थप वृद्धि हुनसक्ने बताएका छन् ।

मालेक-जादेहले भने, 'मृत्यु हुनेमा ११ महिला र १७ पुरुष रहेका छन् । घाइते २३ जनामध्ये छ जना अस्पतालबाट डिस्चार्ज भइसकेका छन् । अन्य सात जनाको अवस्था गम्भीर छ भने १० जनाको अवस्था सामान्य छ ।'

गत वर्ष इराकको कर्बला शहरमा हुसेन र उनका भाइ अब्बासलाई गाडिएको स्थानमा करिब दुई करोड २० लाख तीर्थयात्रीले उक्त स्मृतिसभा सहभागिता जनाएका हुन् ।


## बहराइनमा रोजगार

कम्पनी : MAYSHA MASSAGE & SPA शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०८०/१२/३० चलानी नं.: ६०२१८२७८ L.T. No.:303208 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 0 | 1 | स. काममा दक्ष | 150 | ५३,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

